# प्रभाव दैनिक
National Daily

वर्ष १०	अंक ११९	काठमाडौं	आइतबार, ०३ भदौ २०८०	Prabhab National Daily	Sunday, August 20, 2023	www.prabhabonline.com	पृष्ठ ८	मूल्य रू. ५।–



**सूचनाको हक सम्बन्धमा सार्वजनिक निकायको दायित्व**

- नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,
- सूचना वर्गीकरण र अध्यावधिक गरी समय समयमा सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सरल र सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी रूप्मा काम कारावहीको सम्पादन,

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सुन तस्करी प्रकरण

# पक्राउ परेका चिनियाँसँग भारतीय आधारकार्ड

**काठमाडौं (प्रस)–** हङकङबाट मोटरसाइकलमा राख्ने ब्रेक सुमा हालेर ल्याइएको करिब ६१ किलो सुन तस्करीमा पक्राउ परेका चिनियाँ नागरिकसँग भारतीय आधार कार्ड पनि फेला परेको छ ।

प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले पक्राउ परेकामध्ये दुई जनासँग भारतीय आधार कार्ड रहेको पाइएको जानकारी दिए । तीन जना चिनियासँग भने जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकबाट जारी गरिएको नागरिकता र एक जनासँग जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट जारी भएको नागरिकता फेला परेको पनि उनले बताए ।

हालसम्म उनीहरूसहित २३ जनालाई सुन तस्करी प्रकरणमा पक्राउ गरी प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबीले) अनुसन्धान गरिरहेको छ ।

ठीक एक महिनाअघि (साउन ३ गते) राजस्व अनुसन्धान विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार पास भएर लैजान लागिएको सुनसहितको १५५ किलो रहेको ब्रेक सु बरामद गरेको थियो । दुई हप्ताको अनुसन्धानपछि थप अनुसन्धानका लागि विभागले प्रहरीको सिआइबीलाई हस्तान्तरण गरेको थियो ।

# लम्पी स्किनको भ्याक्सिनमा मनोमानी

- पशु सेवा विभागका उच्च अधिकारी र पशु औषधि आयातकर्ताहरूको मिलेमतोमा भ्याक्सिन खरिदमा चलखेल
- लम्पी स्किन खोपको नाममा 'गोट पक्स' ल्याएर बिक्री

**काठमाडौं (प्रस)–** महामारीको रूप्मा मुलुकभर फैलिएको लम्पी स्किन नियन्त्रणका लागि भ्यासिक्न खरिदमा मनामानी भएको पाइएको छ । यो रोगले किसानको अर्बौं क्षति हुँदा पनि सरकारले ध्यान दिन नसक्दा भ्याक्सिनका नाममा करोडौंको कालोबजारी भएको भेटिएको हो ।

लम्पी स्किन भ्याक्सिनमा भएको मनोमानीमा पशु सेवा विभागकै हात रहेको सरोकारवालाले बताएका छन् । पशु औषधि आयातकर्तामध्ये सबैभन्दा बढी आयात गर्ने कान्तिपुर भेट डिस्ट्रिब्युटर, लोटस सुनगाभा भरत थापा र वनदेवी भेट फर्माले बढी रकम लिएको खुल्न आएको हो ।

पशु सेवा विभागका उच्च अधिकारी र पशु औषधि आयात गर्ने कम्पनीहरूको मिलेमतोमा भ्याक्सिन खरिदमा चलखेल भएको देखिन्छ । विभागका उच्च अधिकारी र व्यापारीहरू ऋषि बडाल, भरत पाण्डे, दिवेश थापाको मिलेमतोमा नै लम्पी स्किनको भ्याक्सिन तीन तहकै सरकारलाई मनोमानी ढंगले बेचिरहेका छन् ।

विभागकै मिलेमतोमा एमआरपी (बजार मूल्य) भन्दा बढी रकममा भ्याक्सिन बिक्री भइरहेको पाइएको छ । यसरी अहिले आयात गरिएको भ्याक्सिन संघ, प्रदेश र स्थानीय तहलाई बेचेर करोडौं राज्यलाई घोटाला गरिएको देखिन्छ ।

पशु सेवा विभाग स्रोतका अनुसार लम्पी स्किनका लागि भन्दै भित्र्याइएको खोप गाईभैंसीमा लाग्ने लम्पी स्किन नभएर बाख्रामा लाग्ने 'गोट पक्स'को रहेको छ । पशु सेवा विभागले आयातकर्ता र आफ्नो फाइदाका लागि लम्पी स्किनका नाममा बाख्रालाई हुने संक्रमण 'गोट पक्स'को ६० लाख डोज भ्याक्सिन खरिद गर्ने तयारी गरिरहेको बुझिएको छ ।

मुलुकभर अहिले गाईभैंसीमा लम्पी स्किन संक्रमणले महामारीको रूप लिएको छ । गाईभैंसीका लागि लम्पी स्किन मानव स्वास्थ्यमा कोभिड-१९ संक्रमणजस्तै रहेको चिकित्सक बताउँछन् । लम्पी स्किन महामारीका कारण मुलुकभरका किसानको करिब ५५ अर्ब रूप्याँभन्दा बढीको पशुमा क्षति पुगिसकेको विभागको अनुमान छ ।

# संसद् अवरोध हटाउन दबाब

- आजदेखि संसद् बैठक अवरूद्ध नहुने प्रधानमन्त्रीको दाबी
- संसद् अवरोध गरिरहेको नेकपा एमाले आफ्नो अडानमा कायमै
- सुन तस्करी प्रकरणको छानबिन सिआइबीले निष्कर्षतर्फ पुऱ्याएको गृहमन्त्रीको भनाइ
- संसद्मा जारी अवरोध हटाउन प्रधानमन्त्रीले पहल गर्नुपर्ने पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको भनाइ



■ प्रभाव संवाददाता

**काठमाडौं–** साउन १० गतेदेखि अवरुद्ध संघीय संसद्को बैठक आज बस्दै छ । दिउँसो १ बजेका लागि बैठकको समय तय गरिएको छ । तर आज पनि बैठक चल्नेमा भने आशंका कायमै छ । संसद् अवरोधकर्ता प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको माग सम्बोधन गर्न सत्तापक्ष तयार भएको छैन । अर्कोतर्फ एमाले आफ्नो अडानमा कायमै छ ।

निरन्तर संसद् अवरोध गरिरहँदा एमालेमाथि जनताको आवाज बोल्ने संसद्लाई बन्दी बनाएको आरोप लाग्दै आएको छ । जनताका समस्या र सरोकारका विषय संसद्मा उठाउन नपाएको भन्दै सत्तारुढ तथा अन्य प्रतिपक्षी दलले समेत एमालेको कदमको विरोध जनाउँदै आएका छन् । जसकारण एमालेमाथि चौतर्फी दबाबमा परेको छ । यद्यपि, एमाले आफ्नो अडान छाड्न तयार भइसकेको छैन । उल्टो सरकारकै कारण सदन चल्न नसकेको बताइरहेको छ ।

एमालेको माग विमानस्थलबाट बरामद गरिएको ६१ किलो सुन तस्करी प्रकरणको छानबिनका लागि उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने हो । राजस्व अनुसन्धान विभागले नियन्त्रणमा लिएको उक्त सुन प्रकरणको हाल नेपाल प्रहरीको अपराध अनुसन्धान ब्युरो (सिआइबी)ले गरिरहेको छ । सुरुमा विभागले गरिरहेको भए पनि अन्तरदेशीय अपराधसँग जोडिएको पाइएको भन्दै सिआइबीलाई अनुसन्धानको जिम्मा दिइएको थियो । सरकारले राज्य संयन्त्रबाटै अनुसन्धान भइरहेकोले उच्चस्तरीय समिति आवश्यक नहुने अडान राखिरहेको छ ।

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले शनिबार पनि उच्चस्तरीय समिति आवश्यक नपर्ने अडान दोहोऱ्याए । राज्यको व्यावसायिक, पेसागत रूपमा दक्ष र जिम्मेवार संरचना र संयन्त्रहरूले काम गरिरहेकाले सुन काण्डको अनुसन्धानका लागि अर्को उच्चस्तरीय समिति बनाउन आवश्यक नरहेको उनले उल्लेख गरे ।

सुन काण्डको अनुसन्धानलाई अन्तिम निष्कर्षमा पुऱ्याएर यसको नेटवर्कको पहिचान गरी दोषीमाथि कारबाही गरिने उनको दाबी छ । प्रेस सेन्टर नेपालले शनिबार पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजना गरेको पत्रकार भेटघाटमा गृहमन्त्री श्रेष्ठले सुन काण्डको सिआइबीले अनुसन्धानको प्रक्रिया अघि बढाउँदा दोषीहरू पत्ता लाग्ने र उनीहरूलाई कानुनको दायरामा ल्याउन सकिने स्पष्ट पारे ।

'यससघि यस्तै काण्डमा संसद्बाट समिति बनाइयो, समितिको रिपोर्ट आयो, सिद्धियो । अर्को एकपटक केपी ओली प्रधानमन्त्री भएका बेला ३३ किलो सुन काण्डका लागि छानबिन समिति बनाइयो, समितिको रिपोर्ट आयो अन्य केही पनि आएन, न सुन आयो, न सिफारिस कार्यान्वयन भयो, त्यसैले हामीले अनुसन्धानका लागि विकसित गरेका हाम्रा दक्ष संरचनाले अनुसन्धान र अभियोजनको दुवै प्रक्रिया अघि बढाउँछ, त्यसैलाई नै जिम्मेवारी दिनु उपयुक्त हुन्छ ।'

(बाँकी पृष्ठ २ मा)

## 'संविधानसम्मत छैन संसद् अवरोध'

■ प्रभाव संवाददाता

**धुलिखेल–** संविधानसभाका अध्यक्ष एवं नेकपा एमालेका उपाध्यक्ष सुवास नेम्बाङले संसद् अवरोध संविधानसम्मत र नियमसंगत नभएको बताएका छन् । संघीय संसद्ले शनिबार आयोजना गरेको 'संसद् र सञ्चार सम्बन्ध' विषयक अन्तर्क्रियामा उनले मुलुकको संसदीय अभ्यासमा देखिने गरेको संसद् अवरोध नियमसँग नभएको उल्लेख गरे ।

एमाले संसदीय दलका उपनेतासमेत रहेका नेम्बाङले भने, 'संसद् अवरोध नियमसंगत छैन, नियमले अवरोध गर्न मिल्दैन, संविधानले पनि अनुमति दिएको छैन, राजनीतिकरूपमा गरिने हुनाले यसको पुनःपुष्टि गर्ने सम्बन्धित दलको जिम्मेवारी हो ।' मुलुकमा पछिल्ला समय विमानस्थलबाहिर बरामद गरिएको सुन प्रकरणमा उच्चस्तरीय छानबिन समिति गठन गर्ने कि नगर्ने भन्ने विषयमा सत्तापक्ष र प्रतिपक्षबीच मतैक्यता हुन नसकेपछि संघीय संसद्का दुवै सदन अवरुद्ध हुँदै आएका छन् ।

पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले सदनमा पछिल्लो समय भइरहेको अवरोधप्रति आफ्नो सकारात्मक भाव नरहेको टिप्पणी गरे । उनले भने, 'सदन अवरुद्ध मलाई मन परेको छैन, अवरोध नगरौं, संवाद गरौं, संवादको विकल्प संवादमात्रै हो । अहिले भइरहेको अभ्यासले संसदीय पद्धतिको विकासमा सहयोग गर्दैन कि भन्ने लाग्छ ।'

संसद्को हालसम्मको काम कारबाहीको मूल्यांकन गर्दै थप प्रभावकारी तुल्याउन नागरिक समाजसहित व्यक्ति रहेको उच्चस्तरीय स्वतन्त्र संयन्त्र बनाउनुपर्ने आवश्यकतामा पूर्वप्रधानन्यायाधीश श्रेष्ठले जोड दिए ।

(बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

वैदेशिक रोजगार ऐन संशोधनको माग

# श्रममन्त्रीलाई बुझाइयो ६ हजार हस्ताक्षरसहितको ज्ञापनपत्र

■ प्रभाव संवाददाता



**काठमाडौं–** मानवअधिकारका लागि जनमञ्च (पिपुल फोरम)ले नागरिक समाज अभियानको तर्फबाट वैदेशिक रोजगार ऐन, २०६४ लाई संशोधन गर्न माग गरेको छ । ऐन संशोधनको माग राख्दै फोरमले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीलाई ज्ञापनपत्रसहित छ हजार १५९ जनाको हस्ताक्षर हस्तान्तरण गरेको छ ।

ऐन परिमार्जनका लागि नागरिकस्तरमा संकलन गरिएको हस्ताक्षर र ज्ञापनपत्र मन्त्री भण्डारीलाई बुझाउँदै फोरमले आप्रवासी कामदारलाई मतदानको अधिकार दिलाउन कानुनी व्यवस्था गर्नसमेत माग गरेको छ । फोरमले अभियानकातर्फबाट वैदेशिक रोजगार ऐन, २०६४ लाई परिमार्जन गर्न १८ वटा शीर्षकमा संशोधन गर्नुपर्ने माग राखेर २८ पेजको प्रस्ताव पेस गरेको छ । फोरमले १८ वटा शीर्षक राखे पनि मुख्यतः १० वटा बुंदालाई प्राथमिकता दिएको छ ।

फोरमले वैदेशिक रोजगारमा श्रमिकलाई पठाउँदा शून्य लागत (सम्पूर्ण खर्च रोजगारदाताले व्यहोर्ने) नीति लागू गर्नुपर्ने, भेदभाव हटाउँदै खाडी मुलुकमा घरेलु महिला कामदार जान लगाइएको प्रतिबन्ध अन्त्य गर्नुपर्ने, वैदेशिक रोजगार व्यवसाय गर्न मापदण्ड तोकी अनुगमन प्रभावकारी बनाइनुपर्ने, भिजिट भिसाको जोखिमबारे जनचेतना जगाउँदै गन्तव्य मुलुकसँग कूटनीतिक वार्ता गर्न र मानव बेचबिखन, बाध्यकारी श्रम तथा मानव तस्करीका घटना नियन्त्रण गर्न कानुनी व्यवस्था गर्नुपर्ने, भारतमा काम गर्ने श्रमिकका समस्या सम्बोधन गर्न नीतिगत र कानुनी व्यवस्था ऐनमा संशोधन गरि नुपर्ने माग गरेको छ । त्यस्तै प्रमुख जिल्ला अधिकारीलाई वैदेशिक रोजगारसम्बन्धी स-साना विवाद निरूण्ण गर्ने अधिकार दिनुपर्ने

(बाँकी पृष्ठ २ मा)

# श्रमिकका सन्तानलाई 'पढ्दै कमाउँदै' योजना

**काठमाडौं (प्रस)–** सरकारले वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकका सन्ततीलाई पढ्दा पढ्दै कमाउने कार्यक्रम सञ्चालन गर्ने भएको छ । वैदेशिक रोजगार बोर्डको सचिवालयले चालु आर्थिक वर्ष २०८०/८१ मा रोजगारीका लागि विदेशिका श्रमिकहरूका सन्ततीलाई पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्न लागेको हो ।

वैदेशिक रोजगारीमा रहेका श्रमिकका छोराछोरीलाई स्कुलहरूसँगको समन्वयमा स्थानीयस्तरमा उपयुक्त कामको खोजी गरी उनीहरूलाई पढ्दापढ्दै कमाउने वातावरण निर्माण गर्न लागिएको बोर्डले जनाएको छ । 'उनीहरूलाई उपयुक्त हुने काम के हुन सक्छ ? यसको समन्वय र सहकार्यका लागि विद्यालय र सहकारीमार्फत अघि बढ्ने योजना बनाएका छौं,' बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले भने, 'यो कार्यक्रम पहिलो चरणमा मधेस प्रदेशबाट सञ्चालन गर्न लागिएको हुँदा यसका लागि अध्ययन टोली गठन गरेर छिट्टै नै कार्यान्वयनमा जाने तयारी गरिरहेका छौं ।'

मधेस प्रदेशमा सबैभन्दा बढी वैदेशिक रोजगारीमा गएका श्रमिकहरूको जिल्ला छनोट गरी स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिने कार्यकारी निर्देशक उप्रेतीले जानकारी दिए । उनका अनुसार नमूना परीक्षणको रूप्मा एउटा जिल्लामा दुई वा तीनवटा स्थानीय तहलाई छनोट गरी कार्यक्रम सञ्चालन गरिनेछ । 'विद्यालय तथा सहकारी वा सरोकारवाला निकायसँग समन्वय गरी विद्यार्थीलाई समुदाय तरमा काम सिकाउने र उनीहरूको सीप प्रयोग गरेबापत बोर्डले रकम उपलब्ध गराउनेछ,' उनले भने, 'यसबाट विदेशिएका श्रमिकका सन्तानलाई थोरै भए पनि आर्थिक सहायता पुग्ने विश्वास लिएका छौं ।' पढ्दै कामाउँदै शीर्षकअन्तर्गत यकीन रकम नतोकिए पनि एक जना विद्यार्थी बराबर १०/११ हजार रूप्याँ खर्च हुने बोर्डले अनुमान गरेको छ ।

(बाँकी पृष्ठ २ मा)


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं



**तस्बिर अवलोकन** राष्ट्रिय फोटो पत्रकार समूह नेपालले १८४औं विश्व फोटोग्राफी दिवसको अवसरमा शनिबार हनुमानढोकामा आयोजना गरेको 'बालबालिका फोटो प्रदर्शनी'मा तस्बिर अवलोकन गर्दै विदेशी पर्यटक । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# एआइजी ज्ञवाली पाँच महिना नपुग्दै सरुवा



**काठमाडौं (प्रस)–** 'सत्यम् सेवम् सुरक्षणम्' मूल मन्त्र लिएको नेपाल प्रहरी पछिल्लो समय राजनीतिक रंगका कारण विवादित हुन पुगेको छ। नेपाल प्रहरीका उच्च अधिकारीहरू राजनीतिक दलहरूसँगको उठबस र हरेक सरुवा प्रक्रियागतभन्दा पनि राजनीतिक हस्तक्षेपका कारण हुन थालेपछि नेपाल प्रहरीको साख क्रमशः ओरालो लाग्दै गएको छ ।

प्रहरी महानिरीक्षकका लागि दाबेदार हुँदै सिफारिससमेत भएका एआइजी श्यामलाल ज्ञवाली महानिरीक्षक हुन त पाएनन् तर उनलाई उपत्यका हेर्ने जिम्मेवारी दिएको चार महिना पनि नपुग्दै सरुवा गरिएको छ । उपत्यका प्रहरी कार्यालयका प्रमुखका रूप्मा ज्ञवालीले करिब साढे चार महिना काम गरे । ज्ञवालीको सरुवा भएपछि उनको ठाउँमा दीपक थापलाई ल्याइएको छ ।

सरकारले एआइजीको सरुवा गर्ने क्रममा प्रशासन प्रमुखका रूप्मा कार्य विभागमा कार्यरत मिरा चौधरीलाई सरुवा गरेको छ भने चौधरीको ठाउँमा ज्ञवालीलाई पठाएको हो । त्यस्तै राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रमुख टेकप्रसाद राईलाई मानवस्रोत विभागमा र मानवस्रोतका सन्दीप भण्डारीलाई प्रतिष्ठानको प्रमुखको जिम्मेवारी दिएको छ ।

## संसद् अवरोध...
पृष्ठ १ बाट जारी

यसरी दुवै पक्ष आ-आफ्नो अडानमै कायम रहँदा संसद् बैठक सञ्चालन हुने सम्भावना नदेखिएको हो । प्रधानमन्त्री पुष्पकमल दाहालले भने आजको बैठकमा अवरोध नहुने दाबी गरे । शनिबार स्व. रामवृक्ष यादवको स्मृति दिवसको अवसरमा पार्टी केन्द्रीय कार्यालय पेरिस डाँडामा श्रद्धाञ्जली अर्पण गर्न पुगेका उनले सो कुरा बताएका हुन् । संसद् खुलाउन पहल भइरहेको उनको भनाइ थियो ।

त्यसो त संसद्मा जारी अवरोध हटाउन राष्ट्रपति रामचन्द्र पौडेललेसमेत अग्रसरता लिएका छन् । उनले प्रधानमन्त्री, सभामुखदेखि दलका नेताहरूसँगसमेत यस विषयमा छलफल गरेका छन् । राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले दिएको जानकारीअनुसार राष्ट्रपति पौडेलले लामो समय संसद् चल्न नसक्दा जनतामा नैराश्यता बढ्ने र संसद्प्रति नै जनतामा नकारात्मक प्रभाव पर्ने भएकाले संसद् गतिरोध अन्त्य गर्न ध्यानाकर्षण गराएका थिए । यद्यपि, राष्ट्रपतिको अग्रसरताले पनि परिणाम दिन सकेको छैन ।

पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले संसद्को अवरोध हटाउन प्रधानमन्त्रीले पहलकदमी लिनुपर्ने बताएका छन् । शनिबार राजधानीमा आयोजित एक कार्यक्रममा सहभागी उनले सञ्चारकर्मीसँग कुरा गर्दै अवरुद्ध संसद् सञ्चालनमा प्रधानमन्त्रीले पहलकदमी लिनुपर्ने बताएका हुन् । 'लामो समयदेखि संसद् अवरुद्ध भइरहेको छ, प्रधानमन्त्री दाहालले संसद्को अवरोध हटाउने अभिव्यक्ति दिइरहनुभएको छ, छिट्टै संसद् सञ्चालन हुने विश्वास लिएको छु,' उनले भने ।

## संविधानसम्मत...
पृष्ठ १ बाट जारी

संसद्ले दिने सूचना पूर्ण, चुस्त र आधिकारिक हुनुपर्ने आवश्यकता औंल्याउँदै उनले लोकतन्त्रको ज्यानका रूपमा रहेको संसद् र प्रजातन्त्रका पक्षमा सञ्चार जगतलाई सधैँभर खबरदारी गर्न सुझाव दिए ।

उपसभामुख इन्दिरा रानाले पत्रकारिता संसद् र आमनेपाली जनताको ऐनाका रूपमा रहेको धारणा व्यक्त गरे । उनले भने, 'मुलुकको सञ्चार जगतले राष्ट्र र जनताको हितका पक्षमा सधैँ चनाखो भएर कलम चलाउन आवश्यक छ ।'

# अस्पताल हाताभित्रै अदक्ष जनशक्तिबाट औषधि बिक्री

**भक्तपुर–** भक्तपुर अस्पतालको हाताभित्र साझा स्वास्थ्य सेवाको नाममा सञ्चालित औषधि पसल अवैधरूपमा सञ्चालनमा रहेको पाइएको छ ।

जिल्ला समन्वय समिति भक्तपुरले शुक्रबार जिल्लाका सरकारी अस्पतालमा गरेको अनुगमनका क्रममा भक्तपुर अस्पतालको हाताभित्र सञ्चालित साझा औषधि पसलमा औषधि बिक्री गर्ने जनशक्तिसमेत अदक्ष रहेको पाइएको हो । औषधि बिक्री गर्ने कुनै पनि औषधि पसलमा तीन वर्ष फार्मेसी उत्तीर्ण गरेको व्यक्तिले मात्रै औषधि बिक्री गर्न पाउने सरकारी नियम भए पनि साझा औषधि लिमिटेडले भने सरकारी नियमविपरीत कार्यालय सहयोगीलाई औषधि बिक्रीका लागि राखेको पाइएको हो ।

जिससका प्रमुख ईश्वर थापाले जिल्लामा रहेका क्यान्सर अस्पताल, सहिद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्र र भक्तपुर अस्पतालको अनुगमन गर्दा भक्तपुर अस्पतालमा साझाले बिक्री गर्ने औषधिमै मानवीय स्वास्थ्यमाथि खेलबाड गरेको पाइएको बताए । साझा औषधि भक्तपुर अस्पतालसँग धेरै वर्ष अगाडि गरेको सामान्य सम्झौताका आधारमा जबरजस्ती र अवैधरूपमा बसेको अस्पताल प्रशासनले अनुगमनका क्रममा जानकारी दिएको बताए ।

जिसस प्रमुख थापाले भने, 'अस्पतालभित्र औषधि बिक्री गर्ने साझाले लापरबाही गरेको छ, वर्षौंदेखि औषधिसम्बन्धी ज्ञान नै नभएको अदक्ष व्यक्तिलाई राखेर औषधि बिक्री गरेको पाइएको छ, यसबारेमा प्रमुख जिल्ला अधिकारी र सम्बन्धित निकायलाई जानकारी गराएका छौं, त्यसरी मानवीय स्वास्थ्यमाथि खेलबाड गर्न दिनुहुँदैन, बन्द गराउने हामीलाई अधिकार नभएर हो, त्यसैले साझालाई कारबाही गरेर तत्काल उक्त औषधि पसल बन्द गराउनु सरकारसँग माग गर्दछौं ।'

उनले केही दिन अगाडिमात्रै पनि स्वास्थ्य मन्त्रालयको टोली नै आएर अदक्ष कामदार राखेको भन्दै बन्द गराए पनि मन्त्रालयको टोली फर्किएलगत्तै साझाले फेरि औषधि बिक्री गरेको अस्पतालले जानकारी दिएको बताए । गत साउन १९ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त स्वास्थ्य सचिव डा संगीता कौशल मिश्रको नेतृत्वमा मन्त्रालयका महाशाखा प्रमुख डा. मदन उपाध्याय, स्वास्थ्य मन्त्रालयका वरिष्ठ मेडिकल सुपरिटेन्डेन्ट डा. पवन शाहलगायतको टोलीले साझा स्वास्थ्य सेवाको नाममा सञ्चालित औषधि पसलको सटर बन्द गराएको थियो ।

मन्त्रालयको टोलीले गरेको अनुगमनमा साझाले आफ्नो कार्यालय सहयोगी प्रल्हाद ढकालगायत अदक्ष जनशक्तिबाट औषधि बिक्री गरेको पाइएपछि तत्कालै पसल बन्द गराएर फर्किए पनि टोली फर्किएलगत्तै पुनः पसल खुलाएर औषधि बिक्री जारी राखेको थियो । अस्पतालले यसबारेमा मन्त्रालयलाई जानकारी गराए पनि कुनै कारबाही नभएको, साझाले जबरजस्ती भाडा नतिरी अस्पतालको भवन हडपेर बसेको अस्पताल प्रशासनको भनाइ छ ।

अस्पताल विकास समितिका अध्यक्ष रमन कायस्थले आफू आएपछि पनि अस्पताल प्रशासनले पटक-पटक साझालाई भक्तपुर अस्पतालको परिसर छाड्न पत्राचार गरेको र यसबारेमा मन्त्रालयमा जानकारी गराएको भए पनि कुनै कारबाही नभएको र साझाले भवन पनि नछाडेको जानकारी दिए । *रासस*

## श्रमिकका...
पृष्ठ १ बाट जारी

बोर्डले चालु आवमा विभिन्न नयाँ कार्यक्रमहरू सञ्चालन गर्ने योजना बनाए पनि सार्वजनिक गरिसकेको छैन । तर, योजनाहरूमा वैदेशिक रोजगारीका क्रममा विभिन्न कारणले अंगभंग भएर फर्किएका श्रमिकहरूलाई आवश्यकताअनुसार ह्विलचियरदेखि कृत्रिम हातखुट्टालगायतका सामग्रीसमेत सहयोग गर्ने बताइएको छ ।

यस्तै बोर्डले वैदेशिक रोजगारीमा रहेका श्रमिकसहित उनीहरूका परिवारका सदस्यलाई मनोपरामर्श प्रदान गर्न तथा समाजमा पुनःस्थापना गराउन मनोपरामर्शदाता नियुक्त गर्ने जनाएको छ । यसैगरी सञ्चालनमा रहेको टेलिमेडिसिन सेवालाई प्रभावकारी बनाउन यसै वर्षदेखि विभिन्न श्रम गन्तव्य मुलुकमा विशेषज्ञ डाक्टरहरूको टोली पठाएर निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने बोर्डले उल्लेख गरेको छ ।

## श्रममन्त्रीलाई...
पृष्ठ १ बाट जारी

र पुनरावेदनका लागि वैदेशिक रोजगार न्यायाधीकरणले हेर्ने व्यवस्था गरिनुपर्ने, वैदेशिक रोजगार कसूरको अनुसन्धान स्थानीयकरण गर्न वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ र ४४ का मुद्दाहरूको अनुसन्धानको अधिकार प्रहरीलाई दिने कानुनी व्यवस्था गरिनुपर्ने, उच्च अदालतमा वैदेशिक रोजगार बेञ्च गठन गरी न्याय निरूपण स्थानीयकरण गरिनुपर्ने, रोजगारीका लागि नयाँ गन्तव्य खुलाउनु अगाडि दुईपक्षीय श्रम सम्झौता गरी न्यायमा पहुँचका लागि आवश्यक कानुनी व्यवस्था गरिनुपर्ने, वैदेशिक रोजगार बोर्डलाई थिंक टचांकको रूप्मा विकास गर्नुपर्ने, बिमा तथा कल्याणकारी कोषलाई एउटै प्याकेजमा समेटी कामदारको सामाजिक सुरक्षालाई प्रभावकारी बनाउनुपर्ने माग गरिएको छ ।

फोरमले बुझाएको हस्ताक्षर तथा ज्ञापनपत्र ग्रहण गर्दै मन्त्री भण्डारीले अधिकांश मागहरू सम्बोधनको चरणमा रहेको प्रतिक्रिया दिएको फोरमका सल्लाहकार एवं अधिवक्ता सोम लुईंटेलले बताए । केही विषयमा कानुनी जटिलता भएका कारण समाधानका लागि मन्त्रालय सक्रिय रहेको जानकारी पाएको उनले बताए । यस्तै घरेलु महिला श्रमिकमाथिको प्रतिबन्ध हटाउन मन्त्रालय सकारात्मक रहेको उनले बताए । संसदीय समितिको निर्देशकका कारण तत्काल हल हुन कठिनाइ भए पनि मन्त्री भण्डारीले छिट्टै समाधान हुने आश्वासन दिएको उनको भनाइ छ ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

भदौ ३ गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | विद्यार्थीका लागि राम्रो योग छ । |
| **वृष** | रोकिएको काम बन्नेछ । |
| **मिथुन** | टाढाको यात्रा फलदायी हुनेछ । |
| **कर्कट** | सामाजिक कार्यमा समय बित्नेछ । |
| **सिंह** | शैक्षिक प्रगति तर आर्थिक क्षति हुनसक्छ । |
| **कन्या** | स्वास्थ्यमा समस्या आउनसक्छ । |
| **तुला** | नयाँ कामको थालनी हुनेछ । |
| **वृश्चिक** | सवारीसाधन चलाउँदा ध्यान दिनुहोला । |
| **धनु** | मित्रजन र आफन्तसँग भेटघाट हुनेछ । |
| **मकर** | आर्थिक क्षेत्रमा प्रगति हुनेछ । |
| **कुम्भ** | सामाजिक प्रतिष्ठामा दाग आउनसक्छ । |
| **मीन** | नजिकको मान्छेबाट धोका हुनसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध


| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

भदौ ३ गते, २०८०, २० अगस्ट, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिङेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**सलिसल्लाह पुल** | हुम्लाको सर्केगाड, चंखेली र ताँजकोट गाउँपालिका जोड्ने सलिसल्लाह पुल भएर आउजाउ गर्दै स्थानीय ।

*तस्बिरः दाने बोहरा/रासस*

# हत्या अभियोगमा दुई पक्राउ

**झापा (प्रस)–** मेचीनगर नगरपालिका–८ मुनियाँ टोलका ज्याला मजदुरी गर्ने ३५ वर्षीय सुन्दर किसानको हत्यामा संलग्न रहेको आरोपमा दुई जनालाई प्रहरीले पक्राउ गरी आज सार्वजनिक गरेको छ ।

सुन्दरको हत्यामा नाताले दाजु पर्ने ४८ वर्षीय सुनरसी किसान र ५६ वर्षीय रामजी किसानको संलग्नता रहेको अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी खगेन्द्र रिजालले बताए ।

गत बुधबार साँझ हराएका सुन्दरको शव बिहीबार बिहान घर नजिकैको खोल्सीमा झारले छोपेको अवस्थामा फेला परेपछि स्थानीयले प्रहरीलाई जानकारी दिएका थिए । प्रहरीले परीक्षणका लागि शवलाई धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगेको थियो । घटनास्थलमा प्रदेश प्रहरी कार्यालयबाट तालिमप्राप्त कुकुरसमेत झिकाएर अनुसन्धान गरिएको थियो ।

अभियुक्तद्वयले रिसइवीका कारण सुन्दरको हत्या गरेको प्रहरीसमक्ष बयान दिइसकेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रिजालले जानकारी दिए । प्रहरी हिरासतमा रहेका दुवै अभियुक्तलाई कर्तव्य ज्यानको अभियोगमा कानुनी कारबाहीका लागि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । घटनास्थल नजिकैबाट धारिलो फलामको सिकल र खन्ती प्रहरीले बरामद गरेको छ ।

घटना भएको दिन सुन्दर साँझपख नजिकैको विद्योदय आधारभूत विद्यालयमा फुटबल हेर्न भनी घरबाट निस्केका थिए । घर फर्किनुअघि अभियुक्तहरूले नियन्त्रणमा लिएर सुन्दरको हत्या गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

# तीन हजार मिटरब्याजपीडितले फिर्ता पाए जग्गा

**काठमाडौं (प्रस)–** नेपालमा विभिन्न क्षेत्रका मिटरब्याजी (साहु)ले दिएको रकममा सतप्रतिशतभन्दा बढी रकम लिनेगरी मिटरब्याजमा पैसा लगाएको पाइएको छ ।

पीडितहरूले दिएको उजुरी छानबिनका क्रममा अहिलेसम्मको उजुरी फर्स्योटमा उनीहरूले दिएकोभन्दा दोब्बर पैसा असुल्नेगरी मिटरब्याजमा पैसा लगाएको पाइएको गृह मन्त्रालयका प्रवक्ता, सहसचिव नारायणप्रसाद भट्टराईले जानकारी दिए । उनका अनुसार शुक्रबार मन्त्रालयमा प्राप्त रिपोर्टमा अहिलेसम्म तीन हजार १६१ पीडितसँग गरिएको मिलापत्रमा उक्त तथ्य पुष्टि भएको छ । मिटरब्याजसम्बन्धी कानुन बनेसँगै छानबिन, अनुसन्धान र मिलापत्रको काम तीव्र पारिएको छ ।

पीडितले साहुसँग एक अर्ब आठ करोड ६० लाख ८३ हजार ६९४ रूप्याँ माग गरेको देखिएको छ । तर, साहुले भने रकम बढाएर दुई अर्ब ६१ करोड ६२ लाख २१ हजार दुई ४३ लिनुपर्ने बनाएको मिलापत्रका क्रममा देखिएको भट्टराईले बताए । यो रकम मागेभन्दा डेढ अर्बभन्दा पनि बढी हो । सबैभन्दा बढी मधेस प्रदेशको ६९ करोड ५१ लाख रूप्याँ छ भने सबैभन्दा कम कर्णालीमा तीन करोड छ लाख रूप्याँ रहेको छ ।

प्राप्त विवरणअनुसार तीन हजार १६१ जनाबाट साहुले हडपेको ११८ बिघा १९ कठ्ठा छ धुर जमिन पीडितलाई फिर्ता भएको पनि उनले बताए । हालसम्म यसरी पीडित भएको भनेर २३ हजार ९६१ जनाले उजुरी दिएका छन् । अहिले सरकारले बनाएको अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी जाँचबुझ आयोगले उजुरी लिने, मिलापत्र गराउनेलगायतका काम गरिरहेको छ ।

गम्भीर प्रकृतिका घटना, रकम उठाउन धम्की दिने, मानसिक तथा शारीरिक यातना दिने तथा जग्गा गम्भीर तरिकाले हडप्नेजस्ता व्यक्तिको हकमा भने कारबाहीका लागि सिफारिस गर्ने अधिकार आयोगलाई छ । तर, पहिलो चरणमा मिलापत्रलाई नै प्राथमिकता दिएर काम गरिरहेको आयोजनाका सदस्य पूर्वएआइजी उत्तमराज सुवेदीले बताए ।

# पर्यटन विकासमा बगरफाँटका युवा

**गलेश्वर (म्याग्दी)–** म्याग्दीको बेनी नगरपालिका–२ बगरफाँटस्थित 'बगरफाँट रिभर साइड युवा क्लब'का युवाहरू यहाँको पर्यटकीय स्थल कोप्रे झरना र घुमाउने चौतारीको सरसफाइमा शनिबार बिहानैदेखि जुटे । हातमा गैंती, बेल्चा, कोदालो र गल लिएका युवाहरू पर्यटकीय क्षेत्रको सरसफाइ गर्न र परिचय बोर्ड राख्न भेला भएका थिए ।

खेलकुदमार्फत गाउँ तथा जिल्लामा पहिचान बनाउन सफल यहाँका युवाहरू पछिल्लो समय गाउँमा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने अभियानमा लागेका हुन् । पहिलो चरणमा कोप्रे झरना, उडाइनो छहरा र घुमाउने चौतारीको सरसफाइ गरी परिचय बोर्ड राख्ने काम शनिबार बिहान सम्पन्न गरिएको क्लबका सचिव सचिन कार्कीले जानकारी दिए । उनका अनुसार प्रशस्तै प्राकृतिक र पर्यटकीय सम्भावना रहेको बगरफाँट गाउँलाई पर्यटनमार्फत संसारभरि चिनाउने अभियानमा क्लबका युवा लागेका छन् ।

यहाँ पानी उड्ने उडाइनो छहरा, आन्तरिक पर्यटकहरूले खचाखच हुने कोप्रे झरना, १२६ वर्ष पुरानो ऐतिहासिक घुमाउने चौतारी, तीन रोपनी क्षेत्रफलको विशाल चट्टानमाथि निर्माण गरिएको आकर्षक दुर्गा भगवतीको मन्दिर, शिवाल, गुफालगायतका पर्यटकीय स्थल रहेका सचिव सचिन कार्कीले जानकारी दिए ।

प्रचारप्रसार, मर्मतसम्हार र संरक्षणको अभावमा 'बत्ती मुनिको अँध्यारो'जस्तै बनेका यहाँका पर्यटकीय सम्पदाको प्रचारप्रसार गर्न सके आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धनमा टेवा पुग्ने क्लबका अध्यक्ष सुनिल थापाले बताए । 'पुछारमा नागबेली पर्दै म्याग्दी खोला कलकल गरी बगिरहेको छ, सिरानमा विशाल चट्टाने पहरो र पहरोमा दुई खण्ड हुँदै बगेको उडाइनो छहरा, आप्रे छहरा र कोप्रे झरना छन्,' उनले भने, 'बीचको समथर भागमा मिलेको बस्तीसहितको बगरफाँटमा देखिने गाउँ र उर्वर फाँटको हरियालीले यहाँ आउने पर्यटकहरू मक्खै पर्ने गर्दछन् ।'

बगरफाँट गाउँ पर्यापर्यटनको दृष्टिकोणलेसमेत महत्त्वपूर्ण रहेको अध्यक्ष थापाको भनाइ थियो । यहाँ गरिएको केरा र तरकारी खेतीले गाउँको सौन्दर्य अझै बढाएको उनले बताए । बाहिरबाट यहाँ आएका मानिसको मुखबाट 'आहा बगरफाँट !' भन्ने शब्द निस्कने गरेको स्थानीय मीनबहादुर कार्कीले बताए । बगरफाँट गाउँ घुम्न र यहाँका पर्यटकीय स्थलहरूमा रमाउन टाढाटाढाका मानिसहरू आउन थालेका उनले बताए ।

स्थानीय समावसेवी नारायण कार्कीको अगुवाइमा बगरफाँटको पलाँसे क्षेत्रमाथि रहेको चट्टानको थुम्कोमा दुर्गा भगवतीको मन्दिर निर्माण गरिएको क्लबका पूर्वअध्यक्ष एवं सल्लाहकार इन्द्रबहादुर जिसीले जानकारी दिए । यहाँ मन्दिरसम्म पुग्नका लागि बनाइएका आकर्षक सिँढी, पक्की बाटो र मन्दिरको तल्लो भागमा अलगअलग थान बनाइ राखिएका विभिन्न देवीदेवताका मूर्तिले गाउँको सौन्दर्यलाई बढाउनाका साथै धार्मिक पर्यटकीय स्थलका रूपमा परिचित हुँदै गएको उनको भनाइ थियो ।



सचिव कार्कीका अनुसार यहाँको पर्यटन विकासका लागि युवाले दोस्रो चरणअन्तर्गत आकर्षक बगैंचा र पिकनिक स्पट (वनभोज स्थल) निर्माणका लागि तयारी सुरु गरेका छन् । 'यसका लागि आवश्यक बजेट नगरपालिकाबाट प्राप्त भएमा निर्माण कार्य निकै सहज हुने थियो,' उनले भने, 'बजेट पाएनौं भने पनि काम रोक्दैनौं, देश विदेशमा रहेका यहाँका युवा साथीहरूसँग सहयोग मागेर भए पनि काम अगाडि बढाउनेछौं ।'

म्याग्दीको सदरमुकाम बेनीबजारदेखि १५ मिनेट दूरीमा रहेको बगरफाँट गाउँका युवाले खेलकुदका साथै पर्यटन प्रवर्द्धनका क्षेत्रमा काम गरिरहेकाले उनीहरूको कामलाई पालिकाले सदैव सहयोग गर्ने बेनी नगरपालिका–२ का वडाध्यक्ष यामबहादुर कार्कीले बताए । युवाहरूले गाउँलाई चिनाउँदै समाजलाई संगठित बनाउने उद्देश्यले काम गरिरहेकाले यस कार्यबाट पर्यटन विकासमासमेत टेवा पुगेको उनको भनाइ थियो ।

वडाध्यक्ष कार्कीका अनुसार युवाहरूको पहलमा यहाँ ५५ मिटर चौडाइ, १०० मिटर लम्बाइको खेलमैदान निर्माण भएको छ । 'करिब २५ लाख रूप्याँको लागतमा निर्माण भएको उक्त खेलमैदानमा गत चैत २८ गतेदेखि चार दिनसम्म प्रथम रिभरसाइड सेभेन 'ए' साइड फुटबल प्रतियोगिता २०७९ आयोजना गरिएको थियो,' उनले भने ।

वडाध्यक्ष कार्कीले बगरफाँट खेलाडीहरूको गाउँ भएको बताउँदै यहाँका युवाले जिल्ला र प्रदेशस्तरका विभिन्न खेलकुद प्रतियोगितामा सम्मानित हुँदै आएका बताए । उनका अनुसार गत माघमा पोखरामा भएको फुटसल प्रतियोगितामा क्लबका युवाले प्रथम र द्वितीय स्थान प्राप्त गरेका थिए ।

यहाँका युवा संगठित भई खेलकुद, पर्यटन विकासका साथै अन्य सामाजिक र जनचेतनामूलक काममा लागेका छन् । कोरोनाको समयमा क्लबका युवाले घरघरमा पुगेर औषधि, मास्क, स्यानिटाइजरलगायत सामग्री वितरण गर्ने, बिरामीलाई अस्पतालसम्म पुऱ्याउनेलगायत काम गर्दै आएका स्थानीयले बताएका छन् । *रासस*

# उमेरले छेकेन प्रेमकुमारीको पढ्ने रहरलाई



■ **भेषराज बस्नेत**

**राँझा (बाँके)–** कक्षामा वरिपरि नातिनातिना उमेरका सहपाठी छन् । उनीहरूकै बीचमा हजुरआमा उमेरकी ६१ वर्षीया प्रेमकुमारी गिरीले ध्यान दिएर पढ्छिन् । बाँकेको कोहलपुर नगरपालिका–११ बगियामा रहेको ज्ञानज्योति माध्यमिक विद्यालयमा कक्षा ६ मा अध्ययनरत गिरी कक्षा कोठाको अघिल्लो लाइनमा बस्छिन् । कक्षामा नियमित उपस्थित हुने उनको अरू विद्यार्थीसरह पढाइमै ध्यान केन्द्रित हुन्छ ।

ज्ञानज्योति माविको कक्षा ६ मा दिनहुँ देखिने यो दृश्यले हिजोआज धेरैलाई आश्चर्यचकित बनाएको छ । यसले सबैलाई खुसी पनि तुल्याएको छ । कोहलपुर–५ एनसिसिएन टोल निवासी गिरी इच्छाशक्ति भए पढाइलाई उमेरले छेक्न नसक्ने गतिलो उदाहरण बनेकी छन् ।

'हरेक व्यक्तिले शिक्षा अनिवार्य लिनुपर्छ पढाइभन्दा ठूलो चिज जीवनमा अरू केही छैन,' उनी भन्छिन्, 'नातिनातिनासँग पढ्न पाउँदा र छोराहरूले मलाई सिकाउँदा निकै खुसी लागिरहेको छ ।' प्रेमकुमारीले आफ्ना छ सन्तान हुर्काइसकेकी छन् । उनका छोराछोरी आ–आफ्नो व्यापार व्यवसायमा सक्रिय छन् ।

कान्छी छोरी उच्च शिक्षा अध्ययनका लागि अस्ट्रेलियामा छिन् । पढ्ने इच्छा हुँदाहुँदै पनि विगतमा घरपरिवार र छोराछोरी हुर्काउँदा विद्यालय जान नपाएको उनको भनाइ छ । अहिले घरपरिवारमा फुर्सद मिलेपछि विद्यालय भर्ना भएर पढाइ सुरु गरेको प्रेमकुमारीले बताइन् ।

'मैले सानोमा पढ्न पाइनँ, घरकै काममा व्यस्त हुनुपऱ्यो,' उनले भनिन्, 'बाल्यकालमा पढ्न नपाए पनि विद्यालय जाने ठूलो धोको थियो, त्यही धोको पूरा गर्न अहिले पढ्न थालेकी छु ।' नातिनातिना उमेरका सहपाठीसँग पढ्दा रमाइलो हुने गरेको उल्लेख गर्दै उनले भनिन्, 'बिहान खाना खाएर विद्यालय आएपछि कक्षामा पढ्दा समय बितेको थाहा हुँदैन, बालबच्चासँग रमाइलो गरी पढ्ने गरेकी छु ।'

आफ्नो वडाको विद्यालय घरबाट टाढा पर्ने भएका कारण ११ नं वडामा रहेको विद्यालयमा भर्ना भएको उनको भनाइ छ । ज्ञानज्योति माविको कक्षा ६ मा ७७ विद्यार्थी छन् । विद्यालयमा नियमित रूपमा उपस्थित हुने प्रेमकुमारीको कक्षा कोठा सिकाइस्तर सामान्य रहेको विद्यालयका प्रधानाध्यापक गोविन्द ढकालले बताए ।

'कहिलेकाहीँ बिरामी हुँदा आउनुहुन्न, अरू बेला कक्षामा उहाँ नियमित रूपमा उपस्थित हुनुहुन्छ,' प्रधानाध्यापक ढकालले भने, 'लामो समयसम्मको पढाइ छुटेकाले सिकाइस्तर भने सामान्य रहेको छ ।' मलाई पढ्ने रहर लाग्यो, विद्यालयमा भर्ना गरिदिनूस् भनेपछि कक्षा ६ मा प्रेमकुमारीलाई भर्ना गरिदिएको प्रधानाध्यापक ढकालले जानकारी दिए । पाँच सय ६८ विद्यार्थी रहेको सो विद्यालयमा कक्षा ६ मा अन्य दुई विद्यार्थी पनि ३० वर्ष माथिको उमेर समूहका रहेको प्रधानाध्यापक ढकालले बताए ।

विद्यालयले आयोजना गरेको विद्यार्थीसँग मेयर कार्यक्रममा कोहलपुर नगरपालिकाका प्रमुख पूर्णप्रसाद आचार्यले बिहीबार ६१ वर्षीया विद्यार्थी प्रेमकुमारी गिरीलाई सम्मान गरेका छन् । उनले इच्छा शक्ति भए जुनसुकै उमेरमा पनि पढाइ गर्न सकिने कुरालाई प्रेमकुमारीले पुष्टि गरेको भन्दै खुसी व्यक्त गरे ।

प्रेमकुमारीले पढ्ने गरेको सकारात्मक कार्यको अन्य दिदीबहिनी तथा आमाहरूले पनि देखासिकी गरी अध्ययन कार्य गर्न लाज नमान्न नगरप्रमुख आचार्यले आग्रह गरे । *रासस*

### कैदीबन्दी मृत्यु प्रकरण

# प्रहरीसहित १२ जनामाथि अनुसन्धान हुँदै

**किमाथांका (संखुवासभा)–** संखुवासभाको कारागारभित्र दुई कैदीको हत्या प्रकरणमा प्रहरीसहित १२ जनामाथि अनुसन्धान थालिएको छ । कैदीको हत्या प्रकरणमा प्रहरी र कैदी अनुसन्धानमा तानिएका हुन् ।

सिसिटिभी फुटेज अध्ययनबाट घटनामा प्रहरी र चौकीदारसहित केही कैदीको संलग्नताले देखिएको थियो । कैदी मृत्यु प्रकरणमा प्रहरीसहित १२ जना अनुसन्धानको दायरामा तानिएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी नायब उपरीक्षक वीरेन्द्र गोदारले जानकारी दिए ।

घटनामा संलग्न देखिएका प्रहरी र कैदीमाथि म्याद थप गरेर अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक गोदारले बताए । कैदी मृत्यु प्रकरण प्रत्यक्ष संलग्न देखिएका पाँच प्रहरीलाई विभागीय कारबाहीका लागि सिफारिस गरिएको उनले जानकारी दिए ।

प्रहरीले साउन २८ गते आइतबार कारागार सुरक्षा इन्चार्ज प्रहरी सहायक निरीक्षक (असई) लक्ष्मी चौधरीमाथि पाँच दिन म्याद थप गरेर अनुसन्धान गरिरहेको थियो । असई चौधरीलाई शुक्रबार पुनः पाँच दिन म्याद थप गरेको छ भने अन्य ११ जनालाई पहिलो म्याद थप गरेको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

घटनामा संलग्नलाई छानबिन टोलीको प्रतिवेदनका आधारमा थप कारबाहीको प्रक्रिया अघि बढाइने प्रहरी नायब उपरीक्षक गोदारले बताए । घटनापछि गृह मन्त्रालयले कारागार विभागका निर्देशक कमलप्रसाद पाण्डेको नेतृत्वमा पाँच सदस्यीय अनुसन्धान टोली बनाएको थियो । पीडितले दिएको किटानी जाहेरीका आधारमा सहायक निरीक्षक चौधरीसहित कारागार निमित्त प्रमुख राजेन्द्र घिमिरेविरुद्ध जिल्ला अदालत संखुवासभाले गत साउन २८ गते पक्राउका लागि अनुमति दिएको थियो ।

प्रहरीले घटनालगत्तै कारागार सुरक्षामा खटिएको १० प्रहरी र चौकीदारसहित नौ कैदीलाई नियन्त्रणमा लिएको थियो । कारागार निमित्त प्रमुख घिमिरेलाई भने हालसम्म पक्राउ गरिएको छैन । कुटपिटबाट संखुवासभा मादी नगरपालिका–५ का २० वर्षीय विनोद तोलांगी र नुवाकोटको ककनी गाउँपालिका–७ का २८ वर्षीय आकाश बलामीको बुधबार बिहान मृत्यु भएको थियो । २५ जनाको क्षमता रहेको कारागारमा अहिले १३६ जना कैदीबन्दी छन् । *रासस*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## संसद् अवरोध : एमाले आफैं बोक्सी आफैं झाँक्री

लामो समयदेखि नेकपा एमालेले संसद् अवरोध गरिरहेको छ । संसद् अवरोध गर्ने एमालेकै उपनेता सुवास नेम्बाङले संसद् अवरोध गैरकानुनी भएको सार्वजनिक रूप्मा नै अभिव्यक्ति दिएका छन् । यसले एमालेले संसद् अवरोध गर्नुलाई 'आफैं बोक्सी, आफैं झाँक्री' भन्ने उखानलाई पुष्टि गरिदिएको छ ।

एमालेले एकातिर संसद् अवरोध गरिरहेको छ, अर्कोतिर उपनेतामार्फत गैरकानुनी भएको अभिव्यक्ति दिन लगाएको हो कि भन्ने आशंका पनि पैदा भएको देखिन्छ । संविधानले बर्जित गरेको संसद् अवरुद्ध भन्न भ्याए पूर्वसभामुखसमेत रहेका नेम्बाङले । तर, उनै नेम्बाङ संसद्मा भने बुरुक्कै उफ्रिएर अवरोधमै जुटिरहेको देखिन्छ । जनतामाझ गएर संसद् अवरोध गलत हो भन्ने नेम्बाङले नैतिकताका आधारमा आफ्नो पार्टीलाई संसद् अवरोध नगर्न किन भन्न सक्दैनन् ?

पछिल्लो समय संसद्भित्रका सदस्यहरू काण्ड नै काण्डमा मुछिएका देखिन्छन् । शरणार्थी काण्ड, सुन काण्ड, नक्कली प्रमाणपत्र काण्डजस्ता काण्डले संसद्को गरिमालाई ध्वस्त नै पारिदिएको छ । जनताले जनप्रतिनिधिका रूप्मा चुनेका व्यक्तिहरूको हर्कत अहिले संसद्मा छताछुल्ल भइरहेको छ । नागरिक डेंगी महामारीको चपेटामा छन् । बाढीपहिरो र डुवाको पीडामा छन् । किसानहरू लम्पी स्किनका कारण अर्बौं रूप्याँ बराबरको पशुधन क्षति भएर विरक्तिएका छन् । तर प्रतिपक्षी दल एमाले संसद् अवरोध गरिरहेको छ । अनि सरकार त्यही बहानामा जनताप्रति बफादार हुन सकिरहेको छैन ।

सरकार छ र ? भन्ने नागरिकहरूले अनुभूति गरिरहेका छन् । जनताका लागि नीति नियम बनाउन संसद् छिरेका सांसदहरू व्यक्तिगत र पार्टीगत स्वार्थभन्दा माथि उठ्न सकेर जनतालाई धोका दिइरहेका छन् ।

अहिले देखिएको संसद् अवरोध र नेम्बाङको अभिव्यक्तिले कतै एमाले 'आफैं बोक्सी, आफैं झाँक्री' भन्ने सोचमा अगाडि बढिरहेको त छैन ? विना कारण संसद् अवरोध खोल्नु पर्ने अवस्था आयो भने जनताले के भन्लान् भन्ने सोच पलाएको त होइन ? त्यसकै लागि नेम्बाङको अभिव्यक्ति त होइन ? यी र यस्तै यावत शंका उपशंका उब्जिएको छ । हिजोको सत्ता साझेदार नेकपा माओवादी केन्द्रले धोका दिएको एमाले अहिले फेरि सरकार आफ्नो नेतृत्वमा पार्न विभिन्न खेल खेलिरहेको भान हुन्छ । सत्ताबाट बाहिर बस्दाको छटपट्टि एमालेको अहिलेको क्रियाकलाप हो भनेर बुझ्ने कि ?

## मनन्योग्य

### चाणक्य नीति

चाणक्य राजभवनमा चन्द्रगुप्तलाई सम्झाउँदै थिए- ' तिमी शोक नगर, यो समय खेर फाल्ने होइन । तिम्रा पिताको किरिया-कर्मपछि तिम्रो राज्याभिषेक हुनेछ, तिमीले आज दुई कार्य गर्नु छ, एउटा राज्यको बागडोर सम्हाल्नु, दोस्रो बाबुको काजकिरिया गर्नु ।'

यो के भन्नुहुन्छ गुरुदेव ! प्रजा मलाई घृणाले हेर्छन्, इतिहासमा मलाई कलंकित नबनाउनुहोस्, चन्द्रगुप्तले भने । विजयपछि शकटारलाई चन्द्रगुप्तको सहायतार्थ चाणक्यले नियुक्ति गरे। शकटारतिर हेर्दै चाणक्यले भने- ' नन्दको दाहसंस्कारको व्यवस्था गर्नोस् । चन्द्रगुप्त मगधको शासक बनेको घोषणा गर्नोस् । महानन्दका किरियाकर्म भएपछि राज्याभिषेक हुनेछ ।'

सूर्य अस्ताचलतिर ढल्किरहेथे। शोणनदीका किनारमा महानन्दको चिता बलिरहेथ्यो । सूर्यले आफ्नो रातो किरणद्वारा चिताको अग्निको रातोपनामा अरू रातो थपिरहेका थिए । माटोको शरीर माटैमा बिलाउन आतुर थियो, चन्द्रगुप्त शोकले खडा थिए। उनी सोच्दै छन्- मगधाधिपति, जसका हुकारले सिकन्दरद्वारा बढाइएको पाइला पनि रोकेथ्यो, जो यत्रो राज्यको मालिक त्यही आज एकमुठी धूलो हुँदैछ ।

मरिसकेपछि संसारका राम्रा नराम्रा कुरा सँगै जान्छन् । मानिस ठूलाठूला कुरा पनि चाँडै बिर्सन्छ । चिताबाट मानिस आँखाभरि आँसु पार्दै घरतिर फर्किन्छ । केही समयपछि तिनै आँखा हाँस्नु, खेल्नु हासपरिहास आदिमा चम्किन थाल्छन् ।

जुन मुरा यो महलबाट परित्यक्ता बनी निकालिएकी थिइन् उनै फेरि यही महलमा आइन्, तर परिस्थिति उल्टो । पहिलो अवस्थामा यो महलमा रूप र गन्ध सबैतिर देखिन्थ्यो । उन्मत्त यौवनपूर्ण नवयौवनाहरू नाचगान र सुगन्धयुक्त भई महलमा शोभा दिन्थे । तर, आज यही महलमा सुनसान एवम् सबैतिर अनुशासित सैनिकको पहरा र मृत्युजस्तो उदासी छ । यी सबै कुरा देखा मुशलाई आश्चर्य लाग्थ्यो ।

एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ सुनले बनेका दुई धसिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए । चाणक्यने सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हांस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँछ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।' क्रमशः

# सिन्धुलीगढी दरबार, बडाहाकिम र सुन्तलीमाई



▶▶ रवीन्द्र तामाङ

सिन्धुलीगढी, गढीदरबार अर्थात् रानीदरबार र बडाहाकिमहरूसँग जोडिएका माथि उल्लिखित ऐतिहासिक, सामाजिक र प्रशासनिक घटनाहरु जोडिएका थुप्रै रोमाञ्चकारी प्रसंगहरु मात्र होइन । नेपालमण्डल, डोय र मकवानपुर राज्यका शासकका साथै नेपालबाहिर बंगालका शासकहरूसँग जोडिएका गौरवमय इतिहासहरु बोकेका थुप्रै सम्पदाहरु रहेका छन् । जसले सिन्धुलीमा भ्रमण गर्न आउने अनुसन्धानकर्ता, अवलोकनकर्ता, साहित्यिक एवं गैरसाहित्यिक सर्जकहरु तथा आन्तरिक एवं बाह्य पर्यटकलाई आकर्षित गरिरहेका छन् भन्दा फरक पर्दैन ।

### विषय उठान

सिन्धुलीगढी सिन्धुली जिल्लाको राजनीतिक, ऐतिहासिक, आर्थिक, धार्मिक र सामरिक महत्त्व बोकेको स्थान हो । त्यसैले यस गढी पौराणिक, प्राचीन, किरात, लिच्छवि, मल्ल, शाह र राणाकालसम्म चर्चित रहयो । उत्तर भारत र नेपालमण्डलबीच मात्र होइन नेपालको पूर्वी भूभाग दोलखा, ओखलढुंगा, सोलुका साथै यस गढी महाचीन, भोटका शासक, धर्मगुरु, व्यापारिक र तीर्थालुहरू हिँडेर आवतजावत गर्ने प्राचीन पूर्वी नाका थियो । जसका कारण सिन्धुली लामो कालखण्डसम्म गुल्जार भएर चर्चित भइरहयो ।

वि.सं. १३६७ मा सिम्रौनगढका डोय सेनाहरूले नेपालमण्डल अर्थात् काठमाडौं उपत्यका आक्रमण गरेर लुटपाट गरेर सिन्धुलीगढी भएर विदेह (जनकपुर/सीतामाढी) फर्केपछि यस गढीको चर्चा सर्वप्रथम भएको हो । त्यसैगरी वि.सं. १४०६ मा राजा जयस्थिति मल्लको पालामा बंगालका सुल्तान समसुद्दीनले नेपालमण्डलमा आक्रमण गरी ध्वस्त गरेर फर्किंदा सिन्धुलीगढी हुँदै फर्किएपछि यस गढीको रणनीतिक महत्त्व बढ्न गएको थियो । यसपछि नेपालमण्डलका राजा यक्ष मल्लले वि.सं. १५०० तिर मिथिला, मोरङ र मगधसम्म राज्यको विस्तार गरे । यसपछि पराजित पूर्वशासकहरूले नेपालमण्डलमा सैन्य आक्रमण गर्न नसकून् भनेर सिन्धुलीगढीलाई सशक्त बनाएर केही सैन्यहरू राखेका थिए यक्ष मल्लले । वि.सं. १६५७ मा नेपालमण्डलका कान्तिपुरका राजा शिवसिंह मल्लले पनि मकवानपुर, सिन्धुली र मगध राज्यमाथि अधिपत्य लिएपछि बंगालका शासकहरूले कान्तिपुरमाथि सैन्य कारबाही गर्न नसकून् भनेर सिन्धुलीगढीको निर्माण गरेर लडाकु दस्ता राखेका थिए । यसबाट धार्मिक, व्यापारिक मात्र नभई सिन्धुलीगढीको महत्त्व सामरिक रूप्मा पनि बढ्न थालेको थियो । पछि सिन्धुलीगढी मकवानपुर राज्यमा परेकोले राजा माणिक सेनले भन्सार र चौकी स्थापना गरेर स्थानीय प्रशासन चलाएका थिए ।

यही गढीमा गोरखाका राजा पृथ्वीनारायण शाहले आफ्नो राज्य विस्तारको क्रममा विजित राज्यहरूबाट हुनसक्ने विद्रोह र प्रत्याक्रमण दमन गर्न र नेपालमण्डललाई नाकाबन्दी गर्न आफ्ना केही सैनिक ठाना स्थापना गरेर तैनाथ गरेका थिए । यसै क्रममा नाकाबन्दी गर्दै नेपालमण्डल विजय गर्ने क्रममा अघि बढ्दै कीर्तिपुरमाथि कब्जा जमाए । यसपछि कान्तिपुरका राजा जयप्रकाश मल्लले अंग्रेजहरूसँग सहयोग मागे । फलस्वरूप इस्ट इण्डिया कम्पनीका कप्तान किनलोकको नेतृत्वमा जनकपुरबाट आएका अंग्रेज सेनाहरूलाई नराम्ररी हराएका थिए । पछि सोही गढीमा राणा शासकहरूले षडयन्त्र गरेर आफूले सत्ता हत्याएपछि सत्ता टिकाइराख्न लखेटिएका सत्ताविहीन भएका राणाशासक खलकहरूलाई काठमाडौंमा पस्नबाट रोक्न सिन्धुलीगढीमा विश्वासपात्र सेना राख्न थाले । यतिमात्र नभई मिलिसिया गोश्वारा अड्डा नै स्थापना गरेको इतिहास छ ।

### राणाकालीन प्रशासनमा सिन्धुलीगढी

यसरी मिलिसिया गोश्वारा कार्यालय राख्नका लागि राणाशासक श्री ३ महाराज एवं प्रधानमन्त्री वीर शमशेरले सत्तामा आएपछि नेपालको प्रशासनिक संरचना फेरेर नयाँ लागू गरे । यसबाट नेपाल अधिराज्यको सम्पूर्ण भूभागलाई पहाडतर्फ २३ र तराईतर्फ १२ जिल्ला कायम गरेर जिल्ला र तहसिलमा विभाजन गरे । हरेक जिल्लामा आफू अनुकूल बडाहाकिम र मिलिसिया गोश्वारा राख्ने प्रचलन सुरु गरे । यस्ता मिलिसिया गोश्वारालाई सैनिक भर्ती, तालिमका साथै स्थानीय प्रशासन सञ्चालन गर्ने अधिकार प्रदान गरे । यस्ता जिल्लाहरूमा सिन्धुलीगढी पनि पर्दथ्यो ।

सिन्धुलीगढीअन्तर्गत हालका सिन्धुली, रामेछाप र दोलखा जिल्लाका अधिकांश भूभाग पर्दथे । यिनै तीन जिल्लाका क्षेत्रलाई पूर्व २ नम्बर क्षेत्र भनिन्थ्यो, जसको मुकाम थियो सिन्धुलीगढी । जहाँ वि.सं. २००७ सालसम्म सिन्धुलीगढी गोश्वाराको काम यहीबाट चलेको थियो । जसका कारण सिन्धुलीगढी क्षेत्र गुल्जार थियो । वि.सं. २०१७ मा राजा महेन्द्रले बहुदलीय व्यवस्थाको अन्त्य गरी एकदलीय पञ्चायतको प्रारम्भ गरेपछि भने सिन्धुलीगढी बिरानो हुन पुग्यो । झन् दलीय व्यवस्था हटाई एक दलीय पञ्चायती व्यवस्था प्रारम्भ गरेर वि.सं. २०१८ मा नयाँ प्रशासनिक ढाँचाको संरचना लागू गरे । यसपछि सिन्धुलीगढीमा रहेको मुकामसँगै अदालत, कारागार र प्रशासनिक कार्यालयहरू पनि सिन्धुलीमाडीमा सारियो । गढीमा प्रहरी चौकी, कारागारमात्र बस्यो । वि.सं. २०२९ मा कारागार पनि माडीमा सारियो । यसपछि गढीमा रहेका सेनाहरू पनि रामेछापमा सारियो । यसरी सिन्धुलीगढी र प्रशासन सञ्चालन हुने गढीदरबार विस्तारै विस्तारै लगभग मानवविहीन हुन पुग्यो । त्यसमाथि जनयुद्धका बेला माओवादीले ध्वस्त बनाएपछि अझ खण्डहरको रूप्मा परिणत भएको थियो । हालै सिन्धुलीगढी दरबार एवं रानीदरबारको पुनर्निर्माण भएको छ ।



### सिन्धुलीगढी दरबार र बडाहाकिमको प्रशासनिक गोश्वारा अड्डा

सिन्धुलीगढीमा रहेको गढी दरबार जंगबहादुर राणाका भाइ बमबहादुरका छोरा बमवीरविक्रमले आफ्नी रानी द्रुपदकुमारीका लागि करिब छ वर्ष लगाएर अर्थात् वि.सं. १९५१ देखि १९५६ मा निर्माण गरेको मानिन्छ । यसैले यसलाई रानीदरबार पनि भनिन्छ । स्थानीय र जलेश्वरका श्रमिकहरूबाट निर्मित यस दरबार ३१ वटा कोठा, १४ वटा ढोका, ५६ वटा झ्याल, टिनको छाना, विभिन्न पदार्थ, चुना र बज्रजडित इँटाको गारो लगाएर दुई तले भवन कौसी, बुर्जायुक्त थियो । दरबार वरपर स्नानगृह, शौचालय र पाले पहरा घरहरू थिए ।

यसै दरबारबाट श्री ३ वीरशमशेरले पहिलोपटक नियुक्त गरेका कर्णेल फौदसिंह खत्री क्षेत्री (वि.सं.१९५५) ले प्रशासन चलाए । यसपछि क्रमशः श्री ३ चन्द्रशमशेरले नियुक्ति गरेका कीर्तिमानसिंह खत्री क्षेत्री (वि.सं. १९७०-७६), कप्तान उपेन्द्रविक्रम राणा (वि.सं. १९७०), चिफ कर्णेल डिल्लीसिंह बस्न्यात क्षेत्री, कर्णेल कृत्तिमान थापा क्षेत्री (वि.सं. १९७५) र कप्तान भविन्द्रप्रतापजंग राणा (वि.सं. १९७५) ले बडाहाकिम भएर प्रशासन चलाए । यसपछि श्री ३ भीमशमशेरले पुनः नियुक्त गरेका कीर्तिमानसिंह खत्री क्षेत्री ( वि.सं. १९७६) ले बडाहाकिम भएर प्रशासन चलाए । यसपछि श्री ३ जुद्धशमशेरले नियुक्त गरेका कर्णेल गणेशबहादुर बस्न्यात (वि.सं. १९९५), कर्णेल नरेन्द्रविक्रम राणा (वि.सं.१९९५) र कर्णेल लिलाविक्रम राणा (१९९७) बडाहाकिम भएर प्रशासन चलाए ।

त्यसैगरी गढीदरबारबाट श्री ३ पद्मशमशेरले नियुक्त गरेका लीलाविक्रम थापा (वि.सं. १९९७) र छपेन्द्रविक्रम राणा (वि.सं. २००२) र दधिन्द्रविक्रम राणा (सम्भवतः यिनी सिन्धुलीगढी प्रशासन चलाउन आएनन् होला)ले बडाहाकिम भएर प्रशासन चलाए । अन्तिममा श्री ३ मोहनशमशेरले नियुक्त गरेका मिन्टुजंग राणा (वि.सं. २००५), कप्तान दधिन्द्रविक्रम राणा (वि.सं.२००५) र लेफ्टिनेन्ट बमबहादुर कार्की (वि.सं.२००६) ले र पुनःनियुक्ति पाएर मिन्टुजंग राणा (वि.सं. २००७) बडाहाकिम भएर प्रशासन चलाए । बडा हाकिम मिन्टुजंगको पालामा पूर्व २ नम्बर क्षेत्रको सदरमुकाम सिन्धुलीगढीबाट रामेछाप बजारमा सारिएको थियो ।

२००७ सालमा आएको राणा शासनको अन्त्य भई प्रजातन्त्रको बहाली भएपछि राजा त्रिभुवनको पालामा बद्रीविक्रम थापा (वि.सं. २००८), लक्ष्मणजंग मल्ल (वि.सं. २०११-२०१४) बडाहाकिम भएर सिन्धुलीगढीको प्रशासन चलाएका थिए । राजा महेन्द्रको पालामा लेखविक्रम राणा (वि.सं. २०१४-२०१५) र ध्यानबहादुर राई (वि.सं. २०१५-२०१७) र धर्मबहादुर पहाडी (वि.सं.२०१८) बडाहाकिम भएर प्रशासन चलाएको देखिन्छ । यसरी सिन्धुलीगढीबाट स्थानीय, जंगी र निजामती प्रशासन सञ्चालन गर्ने १८ जना बडाहाकिमहरूले मिलिसिया प्रशासन सञ्चालन गरेको पाइन्छ ।

### सिन्धुलीगढी दरबारमा बदनाम कमाएका बडाहाकिमहरू

यसरी सिन्धुलीमा वडाहाकिम हुने १८ जनामध्ये बदनाम हुनेहरूमा कर्णेल लीलाविक्रम राणा र कर्णेल छपेन्द्रविक्रम राणा थिए । कर्णेल लीलाविक्रम राणाले युवराज महेन्द्र र जुद्ध शमशेरको नातिनीको विवाहका लागि सर्वसाधारण र कर्मचारीहरूबाट दाम (पैसा) संकलन गरिएको थियो । सिन्धुलीगढी दरबारमा रहेका कसैले श्री ३ जुद्धशमशेर कहाँ संकलित दाम रकममा व्यापक अपचलन गरेको भन्ने उजुरी गरे । यसरी भ्रष्टाचारको अभियोग लागेर छानबिन सुरु भएकोले उनी पदच्युत भए । एउटा करङ नभएका कारण उनी कोल्टो परेर हिँड्दथे । जसका कारण उनलाई सिन्धुलीबासीले 'कोल्टे हाकिम' भन्थे । दाम रकम अपचलनविरुद्ध लागेको आरोपबाट पछि रानी द्रुपदकुमारीले उनलाई मुक्ति दिलाएका थिए ।

त्यस्तै कर्णेल बडाहाकिम छपेन्द्रविक्रम राणाले यौन वासना पूर्ति गर्न लागि ज्यान मारेर फौजदारी अभियोग लागेका एक विवस पिता (तामाङ व्यक्ति) लाई न्याय सम्पादन गर्ने क्रममा सजाय नगरी सफाइ दिएर उनकी किशोरी १४ वर्षकी किशोरी छोरीलाई दरबारमा रखैल बनाएको आरोप लागेको थियो । एउटा आँखा नभएका कारण उनी एउटा आँखामा कालो पट्टी लगाएर हिँड्दथे । त्यसैले सिन्धुलीवासीले उनलाई 'कानो हाकिम' भन्दथे । जसका विरुद्ध श्री ३ पद्मशमशेरकहाँ एक जनाले गोप्य जाहेरी दिएपछि उनी निलम्बन भए । समाजमा सबैका सामु अगाडि उभिन नसकेर उनले आत्महत्या गरेका थिए ।

यसै सन्दर्भमा बडाहाकिम छपेन्द्रविक्रम राणाले आत्महत्या गर्नुपरेका कारणहरूमाथि यहाँ संक्षिप्त चर्चा गर्ने जमर्को गरिएको छ ।

### कारण १ः अभियुक्त बनारसी वाइबा तामाङकी छोरीलाई दरबारमा राखेर सफाइ दिएको

सोही बखत सिन्धुलीको दर्लामी गाउँमा एक जना वाइबा थरका तामाङ परिवार बसोबास गर्दथे । बनारसतिर काम गरेर फर्केकाले होला, उनको नाम बनारसी वाइबा थियो । सीधासाधा, अशिक्षा र गरिबीका कारण वाइबालाई फौजदारी अभियोग लागेर अनुसन्धानको सिलसिलामा सिन्धुलीगढीस्थित जेलमा थुनियो । जसका कारण उनको घरमा विचल्ली भयो । थुनामा परेका श्रीमान्लाई दिनदिनै खाना ल्याउन दर्लामी गाउँबाट सहज भएन । त्यसपछि वाइबाकी श्रीमती र आफ्नी १४ वर्षकी किशोरी छोरी सुन्तलीलाई लिएर सिन्धुलीगढी दरबारनजिकै जलकन्यामा आफन्तका घरमा बस्न लागे ।

थुनामा रहेका श्रीमान्लाई दैनिक खाना ल्याउने क्रममा आमासँगै आएकी छोरी सुन्तलीमाथि गढी दरबारको बुर्जामा बसेका बडाहाकिम छपेन्द्रविक्रम राणाको नजर पऱ्यो । सुन्तलीको यौवन र सौन्दर्य नजिकबाट हेर्ने इच्छा बडाहाकिमलाई जाग्यो । यसपछि बडाहाकिम छपेन्द्रविक्रमले वाइबाकी श्रीमती र छोरी सुन्तलीलाई दरबारमा बोलाए । आफ्नो कार्यकक्षमा राखेर बडाहाकिमले वाइबालाई लागेको आरोपको बारेमा सोधपुछ गर्न थाले । पटक-पटकको भेटघाट र निकटताले वाइबाको परिवारजनसँग उनको सामीम्यता बढ्न थाल्यो । लामो कपाल, बाटुलो अनुहार, गोरो, टम्म मिलेका दाँत र सलक्क परेको जिउडालकी सुन्तलीको रूपरंगमा हुरुक्क भए । जतिसक्दो छिटो सुन्तलीमाईलाई पाउने अभिष्टता उनमा बढ्न थाल्यो । सोही कारण एक दिन बडाहाकिम राणाले वाइबाकी श्रीमतीसँग मुख खोल्दै भने, 'सुन्तलीलाई दरबारमा राख्न दिने हो भने म तिम्रो बूढालाई लागेको खत अर्थात् अभियोग माफ गराइदिनेछु ।'

वाइबाकी श्रीमतीले यस कुराको निर्णय आफू एक्लैले गर्न नसक्ने र आफ्ना श्रीमान्सँग कुराकानी गरेर बताउने कुरा जाहेर गरिन् । सिन्धुलीगढीको जेलमा थुनिएका वाइबासँग भेटेर कुराकानी गर्ने वातावरण बडाहाकिमले मिलाइदिए । बडाहाकिमसँग भएको कुरा जेलमा भएका आफ्ना श्रीमान्सँग राखिन् । चरम यातनामा परेका बनारसी वाइबाले बडाहाकिमको प्रस्तावलाई सहर्ष स्वीकार गर्न सहमति दिए । जुनकुरा वाइबाकी श्रीमतीले बडाहाकिमसमक्ष जाहेर गरिन् । बडाहाकिम खुसीले गदगद भएर वाइबालाई थुनामुक्त गरिदिएका थिए ।

### बडाहाकिम छपेन्द्रविक्रम राणा र सुन्तलीमाईको प्रेमकहानीः

वाइबाका परिवारले आफ्नी १५-१६ वर्षकी प्राण प्यारी छोरी सुन्तलीलाई गढी दरबारमा रहेका बडाहाकिमलाई सुम्पिदिए । यद्यपि जेलबाट छुटेकामा थोरै शान्तिको सास फेरे । बडाहाकिम छपेन्द्रविक्रम पनि दिव्य सुन्दरी सुन्तलीसँगको अघात प्रेममा रमाउन थाले ।

यसरी रमाएको तीन महिना नपुग्दै राणा शासकका सुलसुलेको कर्के नजर पऱ्यो । सोही घटनाको नालीबेली श्री ३ पद्मशमशेरसमक्ष विष्णुप्रसाद डिठ्ठाले पुऱ्याइदिए । महाराज पद्मशमशेर सो घटनाको बेलिबिस्तार थाहा पाएपछि क्रुद्ध बने । तुरुन्तै छानबिन गरेर बडाहाकिमलाई कारबाही गर्ने प्रक्रिया अगाडि बढाए । छानबिनको काम सुरु भयो । जसका कारण बडाहाकिम छपेन्द्रविक्रम निलम्बन भए । छपेन्द्रविक्रमले आफ्नो ठाउँमा अर्का बडाहाकिम दधिन्द्रविक्रम राणालाई खटाइएको भन्ने सवाल गढी दरबारमा प्राप्त गरे ।

यसबाट बडाहाकिम छपेन्द्रविक्रमलाई तनाव बढ्यो । उनले आफ्नो अपराधको बचाऊ गर्ने कुनै तर्क र प्रमाण भेटेनन् । फलतः उनी मानसिकरूप्मा अस्थिर भएर सिन्धुलीगढी दरबारभित्रकै आफ्नो कोठामा सम्वत् २००५ साल असार महिनामा आफ्नो कञ्चटमा आफैंले गोली हानी आत्महत्या गरे भन्ने एकथरीको भनाइ छ ।

### कारण २ः श्री ३ महाराज जुद्धशमशेरलाई सिन्धुलीगढीको नाकाबाट काठमाडौं प्रवेश गर्न नदिएको

अर्काथरीले श्री ३ जुद्धशमशेरले आफ्नो जीवनको उत्तरार्द्धतिर आफूले गरेका अपराधहरूको पापमोक्षका लागि राजपाठ आफ्ना भतिजा पद्मशमशेरलाई सुम्पिएर तीर्थव्रतका लागि बनारस हिँडे । भारतबाट तीर्थव्रत गरी फर्कंदा जुद्धशमशेर सिन्धुलीको बाटो गरी गेरुवावस्त्रमा आएका थिए । अहिलेको कमला उच्च मावि रहेको स्थानमा तत्कालीन अवस्थामा खाद्यान्न सञ्चय गर्न धर्मभकारीको रूप्मा जस्ताले छाएका काठका टहराहरू थिए । यता धर्मभकारीमा जुद्धशमशेर काठमाडौं आउन लागेको खबर दरबारमा पुगेपछि तत्कालीन श्री ३ पद्मशमशेरले काका आएर राजपाठ खोस्छन् भन्ने डरले सिन्धुलीगढीका तत्कालीन बडाहाकिम छपेन्द्रविक्रमलाई 'जुद्धशमशेरलाई काठमाडौं पस्न नदिनू' भन्ने आदेश दिएका थिए । सो आदेशको पालना गरे । तर, जुद्धशमशेर भने मरिण खोलाको बाटो भएर काठमाडौं पुगे । यसरी काठमाडौं आउँदा उनका कैयन सैनिकहरू औलो लागेर मरे । जुद्धशमशेर अति क्रोधित भए । अनि उनले 'आफूलाई सिन्धुलीगढीको बाटोबाट आउन नदिने बडाहाकिम छपेन्द्रविक्रम राणालाई तत्काल छाला काडेर नुनचुक लगाएर मृत्युदण्ड नदिए राजपाठ खोसिनेछ' भनेर पद्मशमशेरलाई हुकुम दिए । त्यसपछि श्री ३ पद्मशमशेरले उक्त आदेश सनदमार्फत सिन्धुलीगढी दरबारमा पठाउन लगाए । सो कुरा बडाहाकिमका आफन्तले थाहा पाएर सनद जारी भएर पुग्नुभन्दा अघि नै मौखिक रूप्मा जानकारी पुऱ्याए । यसरी खबर गर्दा पनि छपेन्द्रविक्रमले ज्यान जोगाउन भारत पलायन हुन चाहेनन् । बरु सनद आउनुभन्दा पहिला नै बेइज्जत भएर बाँच्नुभन्दा मर्नु नै ठूलो भन्ठाने । अनि आफैंले बोकेको बन्दुकको गोली कञ्चटमा हानेर आत्महत्या गरे । दरबार वरिपरि बसेर लेखापढीमा संलग्न भएका लेखनदासहरूले ढोका खोल्न खोजे तर खोल्न सकेनन् । तत्पश्चात् बसेरी गाउँबाट मगर सिकर्मीहरू ल्याएर ढोका खोली लास बाहिर निकालियो ।

बडाहाकिम छपेन्द्रविक्रम राणाको मृत्यु अचानक सामाजिक र राजनीतिक कारण जे जसरी भए पनि माथि उल्लिखित दुवै घटना एकै समयमा भए । जसका कारण कातर स्वभाव भएका उनको मानसिक अवस्था कमजोर भएकाले आफूसँग रहेको बन्दुकको गोली कञ्चटमा हानेर आत्महत्या गरेका हुन् भन्ने इतिहासकारहरूको मत छ ।

### सुन्तलीमाईको दुर्दशा र विक्षिप्त जीवन

छपेन्द्रविक्रमको मृत्यु भएपछि बनारसी वाइबाको किशोरी छोरी सुन्तलीको दुःख र वेदनाका दिनहरू सुरु भए । पेटमा रहेको छपेन्द्रको छोरीलाई जन्म दिइन् । छोरीलाई छपेन्द्रकी बहिनीले लगिन् । विस्तारै विस्तारै विक्षिप्त भएर उनी दरबारबाहिर भौतारिँदै थिइन् । त्यसपछि उनी काकासँग चपौलीमा बस्न गइन् । जहाँ रहँदा बस्दा उनको दोस्रो गर्भ रहयो । जसका कारण उनले गढी दरबारमा उजुरी गरिन् । तर, उनको उजुरीउपर सुनुवाइ भएन । न्याय नपाए पनि उनले आफ्नो गर्भ रहेको अर्को एक छोरालाई जन्म दिइन् । जसलाई हुर्काएर विवाह गरिदिइन् । त्यसपछि उनी बूढेसकालसम्म छोरीज्वाइँसँग नै बसेर आफ्नो जीवनको इहलिला समाप्त गरिन्, भनिन्छ । सुन्तलीमाईको जीवनका महत्त्वपूर्ण कालखण्ड बनारस, सिन्धुलीगढी, गढीदरबार र यसका वरिपरिका दर्लामी, मगर, चुट्टी, चपौली, विजयछाप, माडीलगायतका भेगमा बितेको देखिन्छ । शारीरिक रूप्मा स्वस्थ्य भए पनि मानसिक रूप्मा विक्षिप्त रहेको सुन्तलीमाईको जीवन (अनुमानित जन्म वि.सं. १९९८ र मृत्यु वि.सं.२०६५) करिब ६७ वर्षको करुण कथा शब्दमा लेख्न सायदै सकिँदैन । यस घटनापछि सुन्तलीलाई तामाङ जात भएकी कारण उनको नाममा 'माई' थपिएर 'सुन्तलीमाई' नाममा वियोगान्त पात्रको रूप्मा परिचित भएर हालसम्म जनश्रुतिमा हालसम्म बाँचिरहेकी छन् ।

### लोकगीत र पुस्तकमा सुन्तलीमाईको जीवन्त

सिन्धुलीका लोकगायक लोकविक्रम थापाले पञ्चायतकाल अर्थात् वि.सं.२०३६ साल अर्थात् सुन्तलीमाईको कारुणिक कथा टिपेर रेडियो नेपालमा लोकगीत रेकर्डिङ गरेर यसरी गाए । जुन गीत निकै लोकप्रिय भयो । यसै गीतले सिन्धुलीगढी र रानीदरबारभित्र घटेका घटनालाई वर्तमानसम्म सम्झाइरहेको छ ।


*सिन्धुलीगढी घुमेर हेर्दा-२*
*सुन्तलीमाई कतिमा राम्रो दरबार*
*माऱ्यो नि मायाले माऱ्यो ।*
*आजकालको जोवनमा हेरसुन्तलीमाई*
*कस्तो पो होला घरबार*
*माऱ्यो नि मायाले माऱ्यो ॥*

त्यस्तै सिन्धुलीका लेखक सागरकुमार ढकालले वि.सं. २०७९ मा प्रकाशन गरेको 'नेपालको इतिहासमा सिन्धुलीगढी' भन्ने पुस्तकमा सुन्तलीमाईसँग राणाकालमा शासकीय पात्रहरूले गरेको प्रेम प्रसंगहरू अभिलेखीकरण गरेका छन् ।

### विषय बैठान

सिन्धुलीगढी, गढीदरबार अर्थात् रानीदरबार र बडाहाकिमहरूसँग जोडिएका माथि उल्लिखित ऐतिहासिक, सामाजिक र प्रशासनिक घटनाहरू जोडिएका थुप्रै रोमाञ्चकारी प्रसंगहरू मात्र होइन । नेपालमण्डल, डोय र मकवानपुर राज्यका शासकका साथै नेपालबाहिर बंगालका शासकहरूसँग जोडिएका गौरवमय इतिहासहरू बोकेका थुप्रै सम्पदाहरू रहेका छन् । जसले सिन्धुलीमा भ्रमण गर्न आउने अनुसन्धानकर्ता, अवलोकनकर्ता, साहित्यिक एवं गैरसाहित्यिक सर्जकहरू तथा आन्तरिक एवं बाहच पर्यटकलाई आकर्षित गरिरहेका छन् भन्दा फरक पर्दैन ।

*(प्रस्तुत आलेख विभिन्न पुस्तक तथा लेखक एवं जानकार व्यक्तिहरूसँगको कुराकानीमा आधारित रहेर तयार पारिएको हो । इतिहास र संस्कृतिसम्बन्धी अनुसन्धान एवं लेखनमा क्रियाशील तामाङ नेपाल सरकारका पूर्वशाखा अधिकृत हुन् । तामाङ संस्कृतिबारे उनका दर्जनभन्दा बढी कृति प्रकाशित छन् ।)*



*भेरी नदी* | डोल्पाको ठूलीभेरी नगरपालिका-३ दुनै बजारको बीचबाट बग्ने भेरी नदी । भेरी नदीमा पानीको बहाव बढेसँगै जोखिमसमेत बढेको छ । *तस्बिरः हेमन्त केसी/रासस*

# स्थानीय उत्पादनको शनिबारे मेलामा उपभोक्ताको आकर्षण

■ सनद अधिकारी

**नारायणगढ (चितवन)–** उद्योग संघ चितवनले सुरु गरेको शनिबारे मेलामा उपभोक्ताको आकर्षण बढेको छ । संघले सञ्चालन गरेको चितवन प्रदर्शनी केन्द्रमा हरेक शनिबार बिहान मेला हुँदै आएको हो ।

स्थानीय उद्यमीहरूले उत्पादन गरेका उपभोग्य वस्तुको प्रोत्साहन र प्रवर्द्धन गर्न मेला गरिएको हो । मेला प्रत्येक शनिबार बिहान ६ देखि ११ बजेसम्म सञ्चालन हुँदै आएको छ । पाँचौं शनिबारसम्म आइपुग्दा मेलामा करिब १५ हजारभन्दा बढीले अवलोकन गरेको र ३० लाख रूपैयाँभन्दा बढीको कारोबार भएको संघका अध्यक्ष त्रिलोचन कँडेलले बताए ।

सुरुमा ३९ व्यापारिक कक्षबाट सुरु गरिएको मेलामा शनिबारसम्म आइपुग्दा ६६ कक्ष पुगेको उनले जानकारी दिए । उद्यमीको उत्पादनअनुसार कक्ष संख्या थपघट हुने र मेलामा उपभोक्ताको आकर्षण बढ्दा संख्या पनि बढ्दै गएको उनी बताउँछन् ।



संघले मेलामा आउने सामानको गुणस्तरमा कमी नआओस् भन्नका लागि स्वास्थ्यको ग्यारेन्टी गरेको उनको भनाइ छ । उनले भने, 'फर्मबाट उत्पादन भएको वस्तु भान्सासम्म जाँदा स्वस्थ्यको ग्यारेन्टी गरेका छौं, जुन कुरा उत्पादकले खान्छ त्यही कुरा यहाँ आएको छ ।' पहाडी क्षेत्रमा उत्पादन हुने निगालाका टुसादेखि बेँसीको जंगलमा फल्ने चिउरी र निउरोसम्म यहाँ बिक्री भएको जनाउँदै उनले आर्थिक विपन्न किसानको आर्थिक अवस्था उकास्न मेलाले सहयोग पुगेको बताए ।

संघका उपाध्यक्ष मदन पोखरेलले संघले स्थानीय उत्पादनको बजारीकरणलाई दृष्टिगत गर्दै शनिबारे मेला राखेको बताए । उनले भने, 'उपभोक्ताको स्वास्थ्य र उत्पादनको बजारीकरण दुवैलाई ध्यानमा राखेर मेला आयोजना गरेका हौं ।' मेला प्रभावकारी बन्दै गएको जनाउँदै उनले थप विस्तार गर्दै लैजाने बताए ।

मेलामा महको व्यापारिक कक्ष राखेर बिक्री गर्दै आएका भरतपुरका खेमराज न्यौपानेले यस्ता मेला लाग्नु किसानका लागि ठूलो अवसर भएको बताए । उत्पादक किसानलाई यस्ता खालका मेलामा सहभागी हुन उनको आग्रह छ ।

भरतपुर महानगरपालिका-१२ बाट मेला अवलोकन गर्न आएका प्रमेश भण्डारी यहाँ मेला लाग्दा खुसी छन् । बिदाको दिनमा 'मर्निङ वाक' गर्दै जैविक उत्पादन मेलामा किन्न पाउँदा स्वास्थ्यका दृष्टिले पनि फाइदा पुग्ने उनको भनाइ छ ।

भरतपुर-१० का रामकृष्ण ढकालले यस्ता खालका मेला लाग्नु राम्रो कुरा भएको बताए । उनले यहाँ आएर परिवारसहित तरकारीलगायतका सामान किनेको र अझ दैनिक उपभोग्य वस्तु पनि मेलामा भए थप प्रभावकारी हुने उनको सुझाव छ ।

भरतपुर-११ का प्रकाश सुवेदीले यस्ता खालका मेला आफूले विदेशतिर देखेको र यहाँ मेला लाग्दा विदेशको झल्को आएको बताए । उनले यस्ता खालका मेलालाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिँदै आफूले मेला सुरु भएदेखि सधैं यहाँबाट सामान किनेको जानकारी दिए ।

स्वदेशमै उत्पादन भएका दैनिक उपभोग्य वस्तु निउरो, कुरिलो, टुसा, फर्सीजस्ता स्वास्थ्यवर्द्धक तरकारी तथा केरा, चिउरी, भुइँकटहर, ड्रागनफ्रुटलगायतका स्वदेशमै उत्पादित फलफूल, दूध एवं दुग्धजन्य पदार्थ, स्वदेशी कपडा, सेल, खीर, कुराउनी, स्थानीय जनजातिका परिकार, स्थानीय उद्योगबाट उत्पादित वस्तु मेलामा राख्ने गरिएको छ । धेरैजसो प्रांगारिक वस्तु पाइने भएकाले स्थानीयको आकर्षण बढेको हो । *रासस*

# पढाइसँगै नौमती बाजा बजाउन सिकाइँदै

■ पूर्ण विके



**तनहुँ–** व्यास नगरपालिका-१० स्थित शिव माध्यमिक विद्यालयका केही शिक्षक र विद्यार्थी हिजोआज नियमित कक्षा लिनाका अलावा विद्यालयमा बाजा बजाउँदै नाचगान गरिरहेका भेटिन्छन् ।

विद्यार्थीलाई जीवनोपयोगी शिक्षा दिन विद्यालयले नौमती बाजा बजाउने तालिम दिएपछि अहिले विद्यालयका छ विद्यार्थी, सोही संख्यामा शिक्षक र तीन अभिभावक गरी १६ जना नियमित नौमती बाजा बजाउने अभ्यासमा व्यस्त हुने गरेका छन् । गत साउन १८ गतेदेखि बागलुङका नौमती बाजा प्रशिक्षक प्रकाश थापाले दमाहा, सहनाई, नरसिंहा, ढोलक, झ्याली, टयाम्को बजाउने तालिम दिएपछि सहभागी बजाउन सक्ने भएका हुन् । तालिम पहिलो चरणमा एक महिनासम्म सिकाइने विद्यालयले जनाएको छ ।

'यति छिट्टै बजाउन सकिएला भन्ने लागेको थिएन,' तालिमको दौरान टयाम्को बजाउँदै गर्नुभएका कक्षा १० का विद्यार्थी आश्रुत लामिछानेले भने, 'सुन्दा आनन्द लाग्ने धुन निकाल्न बढी नै मिहेनत चाहिने रहेछ ।' नौमती बाजा बजाउने तालिममा लामिछानेसहित कक्षा ७ का साहिल नेपाली, सफल विक, कक्षा ८ का पुरन थापा, सुमन नेपाली र निम दोर्जे शेर्पा, शिक्षकहरू नेत्रबहादुर दरै, सञ्जीता दरै, शान्तिकुमारी दरै, रमा दरै, अस्मिता आले, भरतबहादुर श्रेष्ठ र गोपाल थापा, अभिभावकहरूमा नेत्रप्रसाद पौडेल, दुर्गा सापकोटा र विद्यालय व्यवस्थापन समिति अध्यक्ष विकास रिजाल रहेका छन् ।

आफूले तालिममा सहभागी विद्यार्थी, शिक्षक र अभिभावकलाई नौमती बाजाको ताल र चरणका बारेमा जानकारी गराएको प्रशिक्षक थापाले बताए । सहभागीले सबै बाजा बजाउन १० दिनमै सिके पनि सहनाइ र नरसिंहा बजाउन भने करिब तीन महिनाको समय लाग्ने प्रशिक्षक थापाको भनाइ छ ।

'तालिममा सहभागीहरूले निकै अभिरुचिका साथ बाजा बजाउन सिक्नुभएको छ,' प्रशिक्षक थापाले भने, 'सहनाई र नरसिंहा बाजा बजाउन भने अझै समय लाग्छ ।' यसअघि आफूले विभिन्न समुदायलाई नौमती बाजा बजाउने तालिम दिए पनि विद्यालय स्तरका बालबालिका, शिक्षक र अभिभावकलाई तालिम दिएको यो दोस्रो भएको प्रशिक्षक थापाले बताए । विद्यालयस्तरकै बालबालिकालाई यसरी नौमती बाजा बजाउन सिकाउनुले संस्कृतिको संरक्षणमा टेवा पुग्ने आफूले ठानेको उनले बताए ।

नियमित कक्षालाई असर नपर्ने गरी अतिरिक्त कक्षाका रूपमा आफूहरूले विद्यार्थी, शिक्षक र केही अभिभावकलाई नौमती बाजा बजाउने तालिम प्रदान गरेको विद्यालयका प्रधानाध्यापक चन्द्रमणि कोइरालाले जानकारी दिए । लोप हुँदै गएको बाजालाई विद्यालय तहबाटै संरक्षण गर्नुपर्ने ठानेर आफूहरूले एक महिने तालिम दिएको उनको भनाइ छ ।

तालिममा सहभागीले बाजा बजाउन सिकेर नौमती बजाउन इच्छुक अन्य विद्यार्थीलाई समेत सिकाउँदै लैजाने योजना विद्यालयको रहेको प्रधानाध्यापक कोइरालाले बताए । नौमती बाजाका अलावा विद्यालयले नृत्य शिक्षकसमेत राखेर विद्यार्थीलाई नृत्य प्रशिक्षण दिँदै आएको जनाएको छ । नौमती बजाउने तालिमका लागि करिब एक लाख रूपैयाँ खर्च हुने विद्यालयले जनाएको छ ।

'नौमती बाजा लोप हुँदै गएको छ, अब विद्यालय तहबाटै संरक्षण गर्नुपर्छ भनेर नै हामीले तालिम प्रदान गरेका हौं,' उनले भने, 'यो तालिम दिएपछि सबैतिरबाट अहिले सकारात्मक प्रतिक्रियाले झनै हौसला मिलेको छ ।' तालिममा सिकेका सीपलाई व्यवहारमा लागू गर्न आफूहरूले तिहारमा खेलिने देउसीभैलो, विभिन्न सांस्कृतिक पर्व र विद्यालयका अतिरिक्त क्रियाकलापमा विद्यार्थीबाट नौमती बजाइने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रिजालले बताए ।

'सिकेको सीपलाई त्यसै खेर जान दिइने छैन,' उनले भने, 'नौमती बाजाको संरक्षणका लागि हाम्रा विद्यार्थी अग्रसर भएका छन् भन्ने सन्देश दिन आवश्यक छ ।' विद्यार्थी, शिक्षक र अभिभावकको संयुक्त बैठक बसी नौमती संरक्षण गर्न अग्रसर रहने प्रतिबद्धता गरी तालिम दिने निर्णय गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रिजालले जानकारी दिए । उक्त विद्यालयमा हाल २१२ विद्यार्थी र २१ शिक्षक कार्यरत छन् । *रासस*

# 'महाकाली पुल सुदूरपश्चिम समृद्धिको मेरुदण्ड'

**दोधारा चाँदनी (प्रस)–** भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले महाकाली नदीमा निर्माणाधीन चार लेनको पक्की पुल सुदूरपश्चिम प्रदेशको समृद्धिको मेरुदण्डका रूपमा रहेको बताएका छन् ।

महाकाली पुलको शनिबार यहाँ स्थलगत निरीक्षण गर्दै मन्त्री ज्वालाले पुल निर्माणपछि मुलुकको आर्थिक विकासमा ठूलो टेवा पुग्ने बताए । 'पुलसँगै दोधारा चाँदनीमा सुख्खा बन्दरगाह बन्ने कुरा अगाडि बढिसकेको छ,' उनले भने, 'यसलाई देशकै प्रमुख नाकाका रूपमा सञ्चालन गर्छौं ।'

मन्त्री ज्वालाले महाकाली पुल बहुउपयोगी र शारदा ब्यारेजको विकल्पका रूपमा रहेको बताए । 'यसले नेपाल-भारतलाई जोड्नुका साथै पर्यटकीय हिसाबले पनि महत्त्वपूर्ण छ,' उनले भने, 'पुलले महाकाली पारीको गाउँलाई पनि देशको मूलधारसँग जोड्नेछ ।' पुल निर्माणका लागि कुनै पनि समस्या हुन नदिने मन्त्री ज्वालाले प्रतिबद्धता जनाए । पुल निर्माणको काम बजेट अभावले नरोकिने उनको भनाइ थियो ।

निर्माण कम्पनी कुमार श्रेष्ठ सिएफइसी जेभीका इञ्जिनियर किशोरराज पाण्डेयले बजेट अभावले निर्माणको काम प्रभावित नहुने बताए । 'पुलको ९० प्रतिशत काम सम्पन्न भइसकेको छ,' उनले भने, 'पुलसँगै बन्ने पहुँचमार्ग र पुलको दुवैतर्फ पोखरी निर्माणाधीन छन् ।' चार लेनको उक्त पक्की पुललाई दोधारा चाँदनीमा निर्माण हुन लागेको सुक्खा बन्दरगाहको पूर्वाधारका रूपमा हेरिएको इञ्जिनियर पाण्डेयले बताए ।

प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणका बेला सुक्खा बन्दरगाहको काम तीन वर्षभित्र सक्ने सम्झौता भएको छ । भारतले निर्माण गर्ने सुक्खा बन्दरगाहको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण अन्तिम चरणमा छ । सुक्खा बन्दरगाह निर्माणपछि दोधारा चाँदनीसँगै सुदूरपश्चिमकै समग्र आर्थिक विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

# बिमाबाट १८१ जनाका परिवार लाभान्वित

**भेरीगंगा, सुर्खेत (प्रस)–** प्राकृतिक प्रकोपका विभिन्न घटनामा परी मृत्यु भएका कर्णालीका १८१ जनाका परिवारले सामूहिक जोखिम दुर्घटना बिमाबाट करिब साढे तीन करोड रूप्याँ रकम प्राप्त गरेका छन् ।

तीन वर्षको अवधिमा विभिन्न प्राकृतिक प्रकोपका घटनामा परी मृत्यु भएका १८१ जनाका परिवारले कर्णाली सरकारले गरिदिएको सामूहिक जोखिम दुर्घटना बिमाबाट तीन करोड ६२ लाख रूप्याँ रकम प्राप्त गरेका हुन् ।

प्रकोपबाट मृत्यु भएका प्रतिपरिवारले दुई लाख रूप्याँका दरले रकम पाएको प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ । कर्णाली प्रदेश सरकारले २०७६ सालमा प्रदेशका सबै नागरिकको सामूहिक दुर्घटना जोखिम बिमा गरिदिएको थियो ।

राष्ट्रिय बिमा संस्थानसँगको सम्झौताअनुसार कर्णालीका करिब १७ लाख व्यक्तिको सामूहिक बिमा सरकारले गरिदिएको छ । एक व्यक्ति बराबर नौ रूप्याँ पर्नेगरी सरकारले नै नागरिकको बिमा गरिदिएको हो ।

प्रदेशका कुनै पनि नागरिकको प्रकोप या प्राकृतिक विपद्बाट निम्तिने दुर्घटनाले मृत्यु भएमा दुई लाख रूप्याँ पाउने र उक्त रकम राष्ट्रिय बिमा संस्थानले उपलब्ध गराउने गरेको आन्तरिक मामिला मन्त्रालयका विपद् व्यवस्थापन शाखा प्रमुख कृष्णबहादुर रोकायले जानकारी दिए ।

उनका अनुसार आव २०७७/७८ मा विभिन्न प्राकृतिक प्रकोपमा परी मृत्यु भएका ५९ जनाका परिवारले बिमा रकम पाएका छन् भने आव २०७८/७९ मा ५८ जनाका परिवारले बिमा रकम पाएका छन् । त्यसैगरी आव २०७९/८० मा ६४ जनाका परिवारलाई सामूहिक दुर्घटना बिमाबाट रकम दिइएको रोकायले जानकारी दिए ।


## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८०/०२/२१ मा सम्पन्न बिशेष साधारण सभाको निर्णय बोजिम साबिक कम्पनी को नाम **होटल शुभयात्रा** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण, धन कर दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने ब्याहोर्ने गरी कम्पनिको नाम परिवर्तन गरी **ईसेन्सियल इन्स्टिच्यूट अफ हस्पिटालिटी प्रा. लि. (Essential institute of hospitality Pvt. Ltd.)** कायम गरिएको ब्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले **CHINA** बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य **(MRP)** निम्न बमोजिम भएको ब्यहोरा सर्वसाधारण जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पति मुलुक/राष्ट्र | ईकाई | प्रति इकाई मुल्य | अधिकतम खुद्रा इकाई मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | BOSS | NP 133 | N/A | CHINA | PCS | 16,500.00 | 18,450.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | BOSS | NP 118 MATT BLACK | N/A | CHINA | PCS | 13,500.00 | 15,150.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | BOSS | NP134-75CM | N/A | CHINA | PCS | 19,800.00 | 22,080.00 | |
| 4 | RANGEHOOD CHIMNEY | N/A | BOSS | TG5660R1 | N/A | CHINA | PCS | 11,800.00 | 13,280.00 | |
| 5 | RANGEHOOD CHIMNEY | N/A | BOSS | TS0837Z3 | N/A | CHINA | PCS | 16,500.00 | 18,450.00 | |
| 6 | RANGEHOOD CHIMNEY | N/A | BOSS | TS0935D4 | N/A | CHINA | PCS | 11,800.00 | 13,280.00 | |
| 7 | RANGEHOOD CHIMNEY | N/A | BOSS | TS1038D4 | N/A | CHINA | PCS | 9,700.00 | 10,970.00 | |

बिक्रेता फर्मको नाम: Panchasorna Group Pvt. Ltd. ठेगाना: Pepsikola-32, Kathmandu, Nepal स्थायी लेखा नं. : 606749170 फोन नं. : 9801171012

## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEC ARABIA CO. LTD. ONE PERSON COMPANY

पुर्व स्वीकृति मिति :२०८०/०५/२ LT. No. 291228 चलानी नं. ६०२०५२८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1200 | ४२४५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

कम्पनी : MANIS MASYHUR SDN BHD

पुर्व स्वीकृति मिति :२०८०/०५/२ LT. No. 291163 चलानी नं. ६०२०५२८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 4 | 0 | 1500 | ४२४५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १० गते (27th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

प्रभाव दैनिक

रूपशाला

## सिम्खडालाई गोपालराज पन्त स्मृति सम्मान

कलाकार शैलेन्द्र सिम्खडा गोपालराज पन्त स्मृति सम्मान पुरस्कारबाट सम्मानित भएका छन् । राजधानीमा आयोजित पन्त स्मृति प्रतिष्ठानको २१ औं बार्षिक उत्सव तथा १८ औं पुरस्कार समारोहमा उनलाई सो सम्मान प्रदान गरिएको हो । हास्य ब्यङ्ग्यमार्फत समाजमा उल्लेखनीय योगदान पुर्याउँदै आएका सिम्खडाको उक्त योगदानको मूल्याङ्कन गर्दै पुरस्कार प्रदान गरिएको हो । पुरस्कारले आफूलाई कर्मक्षेत्रमा अझ उर्जावान बनाउने कलाकार सिम्खडाले बताए । सिम्खडा पछिल्लो समय महागफाडी रियालिटी शोमा समेत निर्णायकको रूप्मा देखिँदैछन् ।





# तीन स्रस्टाका तीन कृति एकसाथ विमोचन




■ प्रभाव संवाददाता

**काठमाडौं–** साहित्यकार मोतिशोभा श्रेष्ठ, प्राडा सृजना श्रेष्ठ र प्राडा सविना श्रेष्ठका तीन कृति विमोचन गरिएको छ । साहित्यकार मोतिशोभाको 'चियाको चुस्की' लघु कथासङ्ग्रह, साहित्यकार प्राडा सृजनाको 'भोलि कोही नआउन्जेलसम्म' कविता सङ्ग्रह र प्राडा सविनाको 'एउटा जीवन छामेर हेर्दा' जीवन सङ्ग्रह पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले शनिबार विमोचन गरेका हुन् ।

कार्यक्रममा पूर्वप्रधानमन्त्री एवम् साहित्यकार चन्दले तीन कृतिले नेपाली साहित्यजगत्मा नयाँ आयम थपिएको बताए । उनले कथासङ्ग्रह, कवितासङ्ग्रह र जीवनसङ्ग्रह पठनीय रहेको उल्लेख गरे । 'कथाकारको विशेषता भनेको सानो कुरालाई बढाएर लेख्ने हो,' उनले भने । तीनवटै कृति गहिराइमा पुगेर लेखिएको उनको भनाइ थियो ।

पूर्वअर्थमन्त्री एवम् साहित्यकार शङ्करप्रसाद कोइरालाले प्राडा सविनाद्वारा लिखित पूर्वसचिव एवम् निर्वाचन आयोगका पूर्वआयुक्त विश्वमान श्रेष्ठका बारेमा लेखिएको 'एउटा जीवन छामेर हेर्दा' जीवन सङ्ग्रहबारे बोल्दै विश्वमान सरकारको कुशल प्रशासक भएको बताए । 'विश्वमानलाई बुझ्न चाहने नयाँ पुस्ताका लागि पुस्तकले सहयोग पुग्नेछ,' उनले भने ।

वरिष्ठ गीतकार कालीप्रसाद रिजालले प्रा.डा. सृजनाद्वारा लिखित 'भोलि कोही नआउन्जेलसम्म' कविता सङ्ग्रहबारे बोल्दै मेडिकल क्षेत्रमा कार्यरत व्यक्ति साहित्यमा कलम चलाएर कविता सङ्ग्रह प्रकाशित गर्नु महत्त्वपूर्ण कुरा भएको बताए । उनले निरन्तर कृति प्रकाशित गर्नसमेत सफलताको शुभकामना व्यक्त गरे ।

साहित्यकार ध्रुव मधुकर्मीले साहित्यकार मोतिशोभाको कृति 'चियाको चुस्की' लघु कथा सङ्ग्रहबारे बोल्दै पुस्तकले नारी मनोविज्ञान, बाल मनोविज्ञान र समाजमा भोगिएका भोगाइलाई समेटेको बताए ।

कृतिका लेखक मोतिशोभा नेपाल सरकारको पूर्वसहसचिव, लेखक प्राडा सृजना पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्राध्यापक एवम् वरिष्ठ बालरोग विशेषज्ञ प्राडा सविना काठमाडौं मेडिकल कलेजका प्राध्यापक तथा वरिष्ठ बाल आँखा रोग विशेषज्ञ हुन् । उनीहरूले यसअघि पनि विभिन्न कृति प्रकाशित गरिसकेका छन् ।

# राष्ट्रकवि गीत पुरस्कार प्रधान र खरेललाई

■ प्रभाव संवाददाता





**काठमाडौं–** राष्ट्रकवि माधव घिमिरे गीत पुरस्कारबाट वरिष्ट गायक प्रेमध्वज प्रधान र वरिष्ठ गीतकार यादव खरेल पुरस्कृत भएका छन् । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) नेपाल च्याप्टरद्वारा शनिबा आयोजित 'राष्ट्रकवि माधव घिमिरे गीत पुरस्कार, स्रस्टा सम्मान तथा पुस्तक लोकार्पण, राष्ट्रिय महाअधिवेशन' कार्यक्रममा जनही नगद रु २१ हजारसहित खरेल र प्रदान पुरस्कृत भएका हुन् ।

अनेसास विशिष्ट सम्मानबाट वरिष्ठ कलाकार मदनदास श्रेष्ठ सम्मानित भएका छन् भने पुरस्कार संस्थापक गीतकार उन्नतिशीला बोहरा, अनेसासका पूर्वअध्यक्ष राधेश्याम लेकाली, संस्थापक अध्यक्ष होमनाथ सुवेदी, पूर्वअध्यक्ष गीता खत्री, निर्वतमान अध्यक्ष प्रकाश पौडेल माइलालाई कदरपत्र प्रदान गरिएको छ ।

अनेसास भानु विशेष सम्मानबाट भानु प्रतिष्ठान, आनेसास भानु सम्मानबाट डा देवी नेपाल, बलराम दाहालगायत सम्मानित भएका छन् । रमेश दाहाल, नेपाल संस्कृत विश्वविद्यालय, ठाडो भाका लोककला प्रतिष्ठान, जनकपुर उपमहानगरपालिका, गोरखकाली नगरपालिकालाई कदरपत्र प्रदान गरिएको छ । त्यस्तै अनेसास डायस्पोरा सम्मानबाट प्रगति राई सम्मानित भएका छन् ।

कार्यक्रममा नेपाली साहित्यको प्रवर्द्धन, विस्तारमा अनेसासको भूमिका महत्त्वपूर्ण रहँदै आएको वरिष्ठ साहित्यकार प्रा डा बासुदेव त्रिपाठीले बताए । 'विश्वमा प्रतिष्ठित, गौरवमय नेपाली भाषा विश्वव्यापीरूपमा छरिएर रहेका नेपालीलाई नेपाली कला, साहित्य, संस्कृति, सभ्यतासँग जोड्न अनेसासको मञ्च गरिमापूर्ण रहेको छ', उनले भने ।

राष्ट्रकवि माधव घिमिरे गीत पुरस्कारबाट सम्मानित खरेलले संसारभर छरिएर रहेका नेपालीलाई जोड्ने माध्यम नेपाली भाषा रहेको बताए । रुखको जरासरह आफ्नो मातृभाषाको महत्त्व हुनाले अनेसासले यसको संरक्षणको निरन्तरता दिनुपर्नेमा उनले जोड दिए । अनेसासका सल्लाहकार प्रतीक ढकालले अबको नेतृत्व साहित्य क्षेत्रमा मात्र अब्बल नभई एउटा आमाको दायित्व निर्वाह गर्न सक्ने चयन हुनुपर्ने बताए ।

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागका प्रमुख खगेन्द्रप्रसाद लुइँटेलले अनेसासको नेतृत्व राजनीतिक पहुँच, गुटका आधारमा चयन नभई स्वच्छ, निष्पक्ष र तटस्थ हुनुपर्ने बताउँदै नेपाली भाषा, साहित्यको प्रवर्द्धन गर्ने नेतृत्वलाई विभागले साथ दिने बताए । त्यस्तै अनेसासका अध्यक्ष सन्ध्या पहाडीले जहाँ-जहाँ नेपाली त्यहाँ नेपाली कला संस्कृति जगाउने गरी च्याप्टरले तीन दशकदेखि विश्वव्यापीरूपमा भूमिका निर्वाह गर्दै आएको बताए । कार्यक्रममा अनेसासका आजीवन सदस्य लेखक ध्रुव खनालको 'नयनको बस्ती' कथा सङ्ग्रह पुस्तक लोकार्पण भएको थियो ।

# आशिष र अजयले ल्याए 'दिल्लीको मुर्रा'

■ प्रभाव संवाददाता




**काठमाडौं–** 'गाईजात्रा' हास्य र व्यङ्ग्यको पर्व हो । यो पर्वलाई लक्षित गर्दै बजारमा विभिन्न हास्य व्यङ्ग्यका सामाग्री बजारमा भित्रिने गरेको छ । यस्तै १४ भदौमा परेको गाईजात्रालाई लक्षित गर्दै कलाकार आशिष् शाह ठकुरी र अजय शाह ठकुरीले कमेडी कोसेली 'दिल्लीको मुर्रा' सार्वजनिक गरेका छन् ।

राजनीतिक, आर्थिक, सामाजिक लगायत विभिन्न विषयवस्तु समेटिएको 'दिल्लीको मुर्रा' मा देशमा वर्षभरि घटेका विषयवस्तुमाथि चेतनात्मक रूपमा व्यङ्ग्य प्रस्तुत गरिएको छ ।

'गाईजात्राको मुख्य उद्देश्य भनेको समाजमा रहेको बेथिति विसङ्गति प्रति व्यङ्ग्य गर्नु हो', आशिषले भने- 'त्यहि पेरिफेरिमा रहेर यो पटकको गाईजात्रा तयार गरेका छौं ।' पछिल्लो समय रोजगारीका लागि कोरिया पुगेका आशिष् र अजयले 'दिल्लीको मुर्रा' उतैबाट सार्वजनिक गरेका हुन् ।

रेडियो कान्तिपुरको हास्य व्यङ्ग्यात्मक कार्यक्रम 'गज्जब छ बा', कान्तिपुर टेलिभिजनको हास्य सिरियल 'ट्वाक्क टुक्क रिर्टन्स' लगायत थुप्रै सिरियल र स्टेज कार्यक्रममा अनुभव भएका आशिष् र अजयको यो कोसेलीमा सहकार्य एकदमै गजबको रहेको छ ।

'दिल्लीको मुर्रा' को छायाङ्कन अजय शाह र सम्पादन आशिष् आफैले गरेका छन् । करिब १७ मिनेटको भिडियो सहितको 'दिल्लीको मुर्रा' मा उल्लेखित व्यङ्ग्यात्मक प्रस्तुतिले दर्शक तथा श्रोताको मन जित्ने विश्वास आफूलाई रहेको आशिषले बताए । भिडियो अनलाइन चौतारी नामक युट्युब च्यानलमार्फत सार्वजनिक भएको हो । गत वर्ष आशिषले 'बालकोटको बार्दली' नामक कमेडी कोसेली सार्वजनिक गरेका थिए । जसको रामै चर्चा भएको थियो ।



ब्याडमिन्टन क्षेत्रीय जुनियर च्याम्पियनसिप

# उपाधिका लागि नेपाल र श्रीलंका भिड्ने

■ प्रभाव संवाददाता



**काठमाडौं–** ब्याडमिन्टन एशियाको आयोजना तथा नेपाल ब्याडमिन्टन संघको तत्वावधानमा ब्याडमिन्टन एशिया (दक्षिण एशिया) क्षेत्रीय जुनियर च्याम्पियनसिप २०२३ अन्तरगत यु-१५ मिक्स टिम इभेन्ट्समा नेपाल र श्रीलङ्का फाईनलमा प्रवेश गरेका छन् ।

हचोकस्थित एपिएफको कभर्डहलमा भएको खेलमा यु-१५ तर्फ बंगलादेश र नेपालविच भएको खेलमा नेपालले ३-२ को जित हात पार्दै फाईनलमा स्थान पक्का गऱ्यो । पहिलो सेटमा बंगलादेशका मोस्तकिम होसेनले नेपालका सुविन श्रेष्ठलाई २१-७, २१-१० ले पराजित गरे । दाश्रो सेटमा नेपालकी रिहाना शेरचनले बंगलादेशकी अफिफा खान अरिनलाई २१-१६, २१-१५ ले पराजित गर्दै खेललाई १-१ को बराबरीमा ल्याईन् ।

यस्तै तेश्रो सेटमा मोस्तकिम होसेन र वाली उल्लाहको जोडीले सूर्य महर्जन र सुविन श्रेष्ठको जोडीलाई २१-११, २१-११ ले पराजित गर्दै खेललाई आफ्नो पक्षमा पार्दै बंगलादेशले २-१ को अवस्थामा पुऱ्यायो । पुन नेपालका दिलाशा राना र रिहाना शेरचनको जोडीले अफिफा खान अरिन र तान्जिला महमुदको जोडीलाई २१-१६, २२-२० ले पराजित गर्दै खेललाई २-२ को बराबरीमा पुऱ्याए ।

अन्तिम तथा निर्णायक खेलमा नेपालका सुविन श्रेष्ठ र रिहाना शेरचनको जोडीले बंगलादेशका मोस्तकिम होसेन र तान्जिला महमुदको जोडीलाई २१-१५, २०-२२, २१-१३ ले पराजित गर्दै फाईनलमा स्थान बनाए । अव नेपालले उपाधीका लागि श्रीलङ्काको सामना गर्ने भएको छ । प्रतियोगिताको फाईनल आइतबार ९ बजेबाट सुरु हुने कार्यक्रम रहेको छ ।

अर्को खेलामा भुटान र श्रीलङ्काविच भएको खेलमा श्रीलङ्काले ३-० को जितका साथ फाईनल पक्का गरेका हुन् । श्रीलङ्काका केनेथ अरुग्गोडाले भुटानका पेमा तेन्जिनलाई २१-६, २१-७ ले, सिथुली रनसिंघेले याङ्चेन डोलकरलाई २१-८, २१-८ ले र केनेथ अरुग्गोडा र सेनुथ सेथमिथा पेरेराले पेमा तेन्जिन र सोनाम फुन्छो छेतेनलाई २१-९, २१-११ ले पराजित गर्दै फाईन प्रवेश गरेका हुन् ।

च्याम्पियनसिपको दोश्रो दिन भएको खेलमा बंगलादेशले भुटानलाई ३-० ले पराजित गर्दै फाईनलमा स्थान बनाएको हो । बंगलादेशका एस.एस.एम. सिफात उल्लाहले भुटानका ङवाङ्ग रिग्सेल जर्मीलाई २१-१२, २१-७, सिनथिन खानोम प्रियुन्तीले कृती गुरुङ्गलाई २१-१८, २१-५ र राजोन मिया र एस.एस.एम. सिफात उल्लाहको जोडीले अभिक बालामपाकी र नवाङ्ग रिग्सेल जर्मी जोडीलाई २१-५, २१-१० ले पराजित गरेका हुन् ।

यस्तै श्रीलङ्काले पनि नेपाललाई ३-० ले नै पराजित गर्दै फाईनल प्रवेश गरेको हो । श्रीलङ्काका थिदासा वेरागोडाले नेपालका कविर के.सी.लाई २१-१७, १५-२१, २३-२१, रनिथमा लियानागेले रोजी राईलाई २१-५, २१-३ र हिरूका अलुथ पाटबेन्डिगे र थिदासा वेरागोडाको जोडीले कविर के.सी. र अभय महराको जोडीलाई २१-१८, २१-१७ ले पराजित गर्दै फाईनलमा स्थान पक्का गरेका हुन् ।

### अम्पायर कृतन भारत जाने

नेपालका अन्तर्राष्ट्रिय अम्पायर कृतन खड्का भारतमा हुने कोटक ईन्डिया जुनियर ईन्टरनेशनल सिरिज २०२३ मा अम्पायरको भूमिका निर्वाह गर्न भारतको हैदरावाद प्रस्थान गर्ने भएका छन् । प्रतियोगिता भारतको हैदराबादमा भाद्र ५ देखि १० गते सम्म संचालन हुने छ ।

खड्का ब्याडमिन्टन एशिया एक्रिडिटेड अम्पायर हुन् । उनी एशियाकै कान्छो अन्तराष्ट्रिय अम्पायर हुन् । यस्तै भारतको पुणेमा भाद्र १२ गते देखि १७ गते सम्म संचालन हुने योनेक्स सनराईज ईन्डिया जुनियर ईन्टरनेशनल ग्रानप्रिक्समा पनि खड्काले अम्पायरको भूमिका निर्वाह गर्ने नेपाल ब्याडमिन्टन संघले जनाएको छ ।

# नेपालको क्रिकेटमा सुदूरपश्चिमको योगदान महत्त्वपूर्ण : मन्त्री देउवा

■ प्रभाव संवाददाता



**धनगढी–** सुदूरपश्चिम प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री प्रकाश देउवाले नेपालको क्रिकेटमा सुदुरपश्चिमको ठूलो योगदान रहेको बताएका छन् । कैलालीको धनगढीमा सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घको दोस्रो साधारणसभाको उदघाटन समारोहमा मन्त्री देउवाले नेपाली क्रिकेटको व्यवस्थापन, समन्वय र खेलाडी उत्पादनका दृष्टीकोणले सुदूरपश्चिमले सधैँ अग्रणी भूमिका निर्वाह गरेको बताए । सुदूरपश्चिमको क्रिकेटलगायत समग्र खेलकुदको विकासका लागि प्रदेश सरकारले आफनो तर्फबाट सक्ने सहयोग गर्ने उनले प्रतिवद्धता व्यक्त गरे । मन्त्री देउवाले फाप्ला क्रिकेट मैदान निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदनलगायत काम अघि बढाइएको जानकारी दिए ।

'क्रिकेटसँगै सुदूरपश्चिमको खेलकुदमा लगानी बढाउनुपर्ने आवश्यकता छ', उनले भने । प्रदेशको खेलकुदको विकासका लागि प्रदेश खेलकुद परिषद्ले परीणाममुखि काम देखाउन बाँकी रहेको मन्त्री देउवाको भनाइ थियो ।

कार्यक्रममा नेपाल क्रिकेट सङ्घ (क्यान)का केन्द्रीय अध्यक्ष चतुरबहादुर चन्दले आफनो वर्तमान कार्यकालमा कोरोना महामारीलगायत कारणले क्रिकेटको विकासका लागि पर्याप्त काम गर्न नसकेको बताए । उनले नेपालको क्रिकेट विकासका लागि अहिले स्वर्णिम समय रहेको उल्लेख गरे ।

'नेपाली क्रिकेट खेलाडीलाई न्यून पारिश्रमिक दिएर खेलाउनु परिरहेको छ', क्यान अध्यक्ष चन्दले भने, 'सातवटै प्रदेश सरकारले कम्तीमा पाँच खेलाडीलाई आत्मनिर्भर बनाउने गरी खेलकुदका योजना अगाडी बढाउनुपर्ने आवश्यकता छ ।' नेपाली क्रिकेटमा अब नाम र दाम कमाउन सक्ने वातावरण बनेको उल्लेख गर्दै उनले सुदूरपश्चिम क्रिकेटका लागि उर्वर भूमि भएको बताए । उनले नेपालको क्रिकेटको विकासका लागि क्यान सदैव सक्रिय रहँदै आएको बताए । साधारणसभामा सुदूरपश्चिम प्रदेशका आठ जिल्लाका क्रिकेट सङ्घका प्रतिनिधि सहभागी छन् ।

# आयोजक अस्ट्रेलियालाई हराउँदै स्वीडेन तेस्रो

**सिड्नी (एजेन्सी) –** आयोजक अस्ट्रेलियालाई हराउँदै स्वीडेनले महिला विश्वकपमा तेस्रो स्थान हासिल गर्न सफल भएको छ । शनिबार भएको खेलमा स्वीडेन २-० गोलले विजयी बन्दै लगातार दोस्रोपटक तेस्रो स्थान हासिल गरेको हो ।



पहिलो हाफमा क्लेर हन्टले स्टिना ब्लाकस्टेनसलाई लडाएपछि स्वीडेनले पेनाल्टी पाएको थियो । जसलाई फ्रिडोलिना रोल्फोले गोलमा परिणत गर्दै टोलीलाई अग्रता दिलाइन् । दोस्रो हाफमा कोसोभारे अस्लानीले उत्कृष्ट गोल गर्दै टोलीको अग्रता दोब्बर बनाइन् ।

अस्ट्रेलिया खेलमा फर्कने थुप्रै प्रयास गरे पनि सफल भएको थियो । चौथो स्थानमा सीमित भए पनि विश्वकपमा अस्ट्रेलियाको यो सबैभन्दा राम्रो प्रदर्शन हो ।



चीनको मोन्टेनेग्रोको बार–बोल्जारे राजमार्गको प्राथमिक खण्डका सुरुङ । विशेषतः चीनद्वारा निर्मित राजमार्गले मोन्टेनेग्रोको 'मृत्युको घाटी'लाई वशमा राख्न मद्दत गर्ने बताइन्छ । *तस्बिरः सिन्ह्वा*

# रुससँग वार्ता गर्न पश्चिम अनिच्छुक : रुसी विदेशमन्त्री

**मस्को–** रुसका विदेशमन्त्री सर्गेई लाभरोभले युक्रेन मुद्दामा मस्कोसँग वार्ता गर्न पश्चिमी राष्ट्रहरू इच्छुक नभएको बताएका छन् । रुसलाई निमन्त्रणा नगरी जेद्दा र कोपेनहेगनमा युक्रेनको विषयमा पश्चिमी राष्ट्रले बहुपक्षीय बैठक गरेका छन् ।

विदेशमन्त्री लाभरोभले अन्तर्राष्ट्रिय मामिला पत्रिकासँगको शनिबारको अन्तर्वार्तामा भनेका छन् । सो छलफल युक्रेनी राष्ट्रपतिको शान्ति योजनालाई समर्थन गर्ने वातावरण निर्माण गर्न आयोजना गरिएको भनिएको छ तर रुसको बुझाइ र चाहनालाई भने पूर्णरूपमा इन्कार गरिएको छ ।

रुस सधैं फलदायी वार्ताका लागि तयार रहेको बताउँदै पूर्वी युक्रेनमा द्वन्द्व समाधान गर्ने उद्देश्यले किभलाई मिन्स्क सम्झौता कार्यान्वयन गराउन वर्षौंदेखि प्रयास गरेको विदेशमन्त्रीको दाबी छ ।

विशेष सैन्य कारबाहीको पहिलो दिनदेखि नै वार्ता सुरु गर्ने युक्रेनको प्रस्तावमा रुसले प्रतिक्रिया दिएको थियो तर सन् २०२२ मा पश्चिमी दबाबमा युक्रेनले वार्ता रोकेको उनको टिप्पणी छ ।



त्यसपछि युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले रूसी नेतृत्वसँग कुनै पनि प्रकारको वार्ता गर्न निषेध गरेको लाभरोभको आरोप छ । पश्चिमी प्रायोजकले लगातार युक्रेनलाई बिग्रँदो स्थिति थप भयावह बनाउन दबाब दिएका छन् । अहिले युक्रेनमा रूस र पश्चिमबीच वार्ताको कुनै सम्भावना नदेखिएको पनि विदेशमन्त्रीको बुझाइ छ । पश्चिमी राष्ट्रको वार्ताको आह्वान थकित युक्रेनी सेनालाई विश्राम दिलाउन र समय घर्काउन खेलिएको रणनीतिक चालको रूपमा मात्र रुसले बुझेको पनि मन्त्री लाभरोभले उल्लेख गरेका छन् । *रासस/सिन्ह्वा*

# थाई पूर्वप्रधानमन्त्री थाक्सिन मंगलबार स्वदेशफर्कने

**बैंकक–** थाइल्याण्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रा मंगलबार स्वदेश फर्कने उनकी छोरी पेतोङतार्न सिनावात्राले बताएकी छन् । सन् २००६ मा भएको सैन्य 'कू' मा सत्ताच्युत भएका ७४ वर्षीय अर्बपतिले १५ वर्ष स्वनिर्वासनमा बिताएका छन् ।

थाक्सिनले लामो समयदेखि आफू घर फर्कन चाहेको बताउँदै आएका छन् तर उनीमाथि विभिन्न आपराधिक आरोप लागेका छन् । 'मंगलबार (अगस्ट २२) को ठीक ९:०० बजे म आफ्ना बुबा थाक्सिनलाई डन मुआङ विमानस्थलमा स्वागत गर्नेछु,' फेउ थाई पार्टीका तर्फबाट प्रधानमन्त्रीका



प्रत्यासीमध्येकी एक उनकी छोरी पेतोङतार्न सिनावात्राले इन्स्टाग्राममा लेखेकी छन् ।

थाक्सिनले अर्को एक सन्दर्भमा भनिन्, 'उहाँ यसपटक निश्चित रूपमा घर आउँदै हुनुहुन्छ ।'

'म जनताको चित्त दुखाउन चाहन्नँ । म चाहन्छु कि सबैले एकअर्कालाई माया गरून् । म देश शान्तिपूर्ण होस् भन्ने चाहन्छु' उनले शनिबार बिबिसी थाईसँग भनिन् । 'म बूढो भएँ, म मेरा नातिनातिनाहरूलाई सम्झन्छु, म मेरो परिवारसँग बस्न चाहन्छु' उनले भने ।

थाक्सिनसम्बद्ध फेउ थाई पार्टीकी श्रेता थाभिसिनलाई प्रधानमन्त्रीका रूपमा अनुमोदन गर्ने वा नगर्ने र मे महिनामा भएको आमनिर्वाचनपछि महिनौंदेखिको राजनीतिक अनिश्चितता अन्त्य गर्ने विषयमा दिउँसो हुने मतदानपूर्व उनको पुनरागमन हुनेछ ।

प्रधानमन्त्री बन्नका लागि सेरेथाले ५०० निर्वाचित सांसदको तल्लो सदन र राज्यको अन्तिमतिर शैनिक प्रशासक (जुन्टा)ले छानेको २५० सदस्यीय सिनेटमा बहुमत जुटाउनु आवश्यक छ । प्रोग्रेसिभ मुभ फरवार्ड पार्टी (एमएफपी) ले चुनावमा सबैभन्दा बढी संसदीय सिट जितेको थियो तर सिनेटबाट मत नपाउँदा एमएफपीले आफ्नो नेतालाई प्रधानमन्त्री बनाउन विफल भएको छ ।

फेउ थाई दोस्रो स्थानमा आएको छ र सरकार गठनको प्रयास गरिरहेका छ । उनी लामो समयदेखि विभाजनकारी व्यक्तित्व रहे पनि राजनीतिक विश्लेषकहरूले थाक्सिनको उपस्थितिले विरोध प्रदर्शन सुरु हुने अपेक्षा गरेका छैनन् । *रासस/सिन्ह्वा*

# चार करोडको प्रतिबन्धित औषधि बरामद

**करिमगञ्ज (आसाम)–** आसाम प्रहरीले चार करोडभन्दा बढीको ६१ हजार बोतल प्रतिबन्धित खोकीको औषधि बरामद गरेको छ ।

आसाम-त्रिपुरा सीमामा रहेको आसामको करीमगञ्ज जिल्लाको चुराईबारी क्षेत्रमा एउटा ट्रकबाट उक्त परिमाणको प्रतिबन्धित औषधि बरामद गरिएको प्रहरीले जनाएको छ । ट्रकका चालक विश्वजित विश्वासलाई पनि नियन्त्रणमा लिइएको छ । यससम्बन्धमा थप अनुसन्धान भइरहेको छ ।

गोप्य सूचनाको आधारमा प्रहरीले चुराइबारी क्षेत्रमा ट्रकलाई रोकेर खानतलास गरेको थियो । 'लागुऔषधविरुद्धको हाम्रो अभियान जारी छ । हिजो राति हामीले एउटा ट्रकलाई रोक्यौं त्यहाँबाट हामीले प्रतिबन्धित 'कफ सिरप'का ६१ हजार बोतल बरामद गरेका छौं,' अभियुक्तविरुद्ध प्रारम्भिक कानुनी कारबाही थालिएको जानकारी दिँदै करिमगञ्ज जिल्लाका अतिरिक्त प्रहरी उपरीक्षक प्रताप दासले भनेका छन् ।

यसअघि पनि करिमगञ्ज जिल्लामा खोकीको प्रतिबन्धित सिरफका ३१ हजार बोतल जफत गरिएको थियो । *रासस/एएनआई*

# 'हाम्रो लक्ष्य पुटिनको हार नभई अमेरिकाको जित होस्'

**वासिङ्टन डिसी–** अन्य अमेरिकी नेताहरूभन्दा एकदम फरक विचारका साथ भारतीमूलका अमेरिकी सांसद विवेक रामास्वामीले रुस-युक्रेन द्वन्द्व मस्कोलाई डोनबास क्षेत्र र किएभलाई नाटोमा सामेल नगर्ने सर्तमा अन्त्य गर्न सकिने बताएका छन् ।

केबल न्युज नेटवर्कसँगको कुराकानीमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले द्वन्द्व अन्त्य गर्न चीनसँगको आफ्नो सैन्य गठबन्धन छोड्नुपर्ने तर्क गर्दै सांसद रामास्वामीले रुस-चीन सैन्य गठबन्धन अमेरिकाको लागि सबैभन्दा ठूलो खतरा भएको बताए ।

अमेरिकी आगामी राष्ट्रपतीय चुनावमा रिपब्लिकन प्राइमरीमा डोनाल्ड ट्रम्पविरूद्ध लड्ने तयारीमा रहेका उनले आफू राष्ट्रपति निर्वाचित भएपछि मस्को भ्रमण गर्ने बताउँदै चिनियाँ राष्ट्रपति सी चिनफिङको साथ छाड्न रुसी राष्ट्रपतिलाई मनाउनुपर्नेमा जोड दिए ।

युक्रेनसँगको अमेरिकी संलग्नताले रुसलाई 'चिनियाँ हतियार'तर्फ धकेलिरहेको बताउँदै उनले पुटिन आधुनिक चीनका निर्माता माओत्से तुङजस्तै भएकाले उनलाई चीनसँगको सैन्य गठबन्धनबाट बाहिर निकाल्न अपरिहार्य भएको बताए । 'हामीले पुटिन पनि नहारुन्, हाम्रो पनि पराजय नहोस्' भन्ने हिसाबले अमेरिकाले काम गर्नुपर्ने उनले बताए । *रासस/एएनआई*

# चीनको प्राकृतिक ग्यास उत्पादन बढ्यो

**बेइजिङ–** चीनको प्राकृतिक ग्यास उत्पादनमा जुलाई महिनामा तीव्र वृद्धि भएको राष्ट्रिय तथ्यांक विभागको तथ्यांकले देखाएको छ ।

यहाँ गत महिना १८.४ अर्ब घनमिटर प्राकृतिक ग्यास उत्पादन गरेको थियो जुन अघिल्लो वर्षको तुलनामा ७.६ प्रतिशतले बढी हो । वृद्धिदर जुनको तुलनामा २.१ प्रतिशत अंकले बढी थियो ।

ब्युरोका अनुसार देशले गत महिना एक करोड ३१ लाख टन प्राकृतिक ग्यास आयात गरेको थियो । जनवरीदेखि जुलाईसम्म चीनको प्राकृतिक ग्यास उत्पादन वार्षिकरूपमा ५.७ प्रतिशतले बढेर १३४ अर्ब घनमिटर पुगेको छ । *रासस/सिन्ह्वा*


DAWN MOTORS

Model -JJ1200DT-45

Price -RS 1,50,000/-



DAWN INTERNATIONAL PVT.LTD.
Balkumari, Lalitpur
Contact No:9841887368


## डिभिजन वन कार्यालय, उदयपुर (त्रिवेणी) कटारीको काठ लिलाम बिक्री सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०।०५।०३

यस डिभिजन वन कार्यालय कम्पाउण्डमा वन अपराध मुद्दामा बरामद गरि घाटगद्दी गरिएको र बिभिन्न श्रोतबाट प्राप्त भएको साल गोलिया थान ३०६ को ४६५०.७४ क्यू.फि., साल चिरान थान ५३ को ३५.४८ क्यू.फि., खोटेसल्ला चिरान थान १९१ को १३१.३० क्यू.फि., कर्मा चिरान थान ८६ को २१.५० क्यू.फि. र साज चिरान थान २३७ को ५९.२५ क्यू.फि. काठ (लट.नं. १-८) लिलाम बिक्री गर्न यो सुचना प्रकाशन गरिएको छ। काठ जे जस्तो अवस्थामा छ , सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र डिभिजन वन कार्यालय उदयपुर (त्रिबेणी) कटारी र वन निर्देशनालय, कोशी प्रदेश धरानबाट वन कार्यालयमा सुचीकृत भएको काठ चिरान गर्ने स:मिलले बोलपत्र फारम खरिद गरि डिभिजन वन कार्यालय, उदयपुर (त्रिवेणी) वा वन निर्देशनालय, कोशी प्रदेश धरानबाट उक्त लटको शिलबन्दी बोलपत्र फारम खरिद गरि दाखिला गर्न आव्हान गरिन्छ।

## मोटरसाईकल हरायो

**हराएको मिति** : २०८०/०४/२४ गते ।
**हराएको स्थान** : ठमेल, फाएर चोक कृषाला क्याफे पार्किङ्गबाट ।
तपशिल बमोजिम मेरो निम्न व्यहोरा भएको प्रदेश ०२-०४३ प ७०३८ नम्बरको कालो **Yamaha Saluto 125cc** हराएको हुँदा पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
**नाम : भुवन क्षेत्री**
**च्यासिस नं. : ME1RE3546N0033702**
**इन्जिन नं. : E31EE0163440**
**ठेगाना : बुढानिलकण्ठ-१०, काठमाडौं ।**
**सम्पर्क नं. : ९८५१३४५६००**

## मोटरसाइकल हराएको सूचना

**रामकुमार बस्नेत**को नाममा रहेको निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०८०/०३/२६ गते धादिङ जिल्ला बेनीघाट रोराङ गा.पा वडा नं.६ चरौदी घरको पार्किङमा राखेको करीब राति ११:०० बजेतिर हराएको हुँदा थाहा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरी दिनुहुन अनुरोध गर्दछु ।
**प्रकार** : Pulsar 150 cc
**बाइक नं.** बा ८४ प ८१३१
**च्यासिस नं.**MD2A11CY4NWM19612
**इन्जिन नं.** DHYWHNJ23480
**रंग** : कालो
**सम्पर्क नं.**9810299781

बुढाथोकी एग्रो फेमली फार्म प्रा. लि. द्वारा प्रस्तावित एग्रोफार्मको

## प्रारम्भिक वातावरणीय परीक्षणको सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

प्रकाशित मिति: २०८०/०५/०३

काभ्रेपलाञ्चोक जिल्ला भुम्लु नगरपालिका वडा नं.९ मा बुढाथोकी एग्रो फेमली फार्म प्रा. लि. द्वारा प्रस्तावित एग्रोफार्मको निर्माण तथा सञ्चालनको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने सिलसिलामा उक्त गाउँपालिकाका बासिन्दा, जनसमुदायसाथै सम्पूर्ण सबै सरोकार वालाहरुलाई निम्न मिति, स्थान र समयमा हुने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भइ राय सुझाव दिन हुन सबैमा हार्दिक अनुरोध गरिन्छ ।

| सार्वजनिक सुनुवाइ हुने मिति, स्थान र समय | आयोजक |
|---|---|
| मिति: २०८०/०५/०७ गते<br>स्थान: भुम्लु गाउँपालिका, वडा नं.९, ज्याम्दी<br>समय: बिहान १०:०० बजे | बुढाथोकी एग्रो फेमली फार्म प्रा.लि.<br>भुम्लु गाउँपालिका, वडा नं.९, ज्याम्दी |

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०५/०३ गते)

चन्द्र प्रसाद अधिकारीको नाति/नातिनी, पुर्ण प्रसाद अधिकारी/जमुना देवी अधिकारीको छोरा/छोरी दुर्गा देवी अधिकारीको पति/पत्नी सुनसरी जिल्ला, ईटहरी उप.म.न.पा./न.पा./गा.पा., वडा नं. ०२ बस्ने लोकेन्द्र प्रसाद अधिकारीको मिति २०८०/०२/११ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको आँपगाछी शाखामा रहेको बचत खाताको खाता नं. १९७०००७०८३२०००0४ मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोराले यस बैंकको आँपगाछी शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय बेलकामा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय आँपगाछी फोन नं. ०२५-४७५१२६/१२७


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।


काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११०४०० | प्रति तोला – १०९८५० | प्रति तोला – १३९० |






**धान फाँटको सुन्दरता** | धादिङको नीलकण्ठ नगरपालिका–१२ को कुडुले धान फाँट सुन्दरता । सदरमुकाम धादिङबेसीबाट सबैभन्दा नजिकको यो फाँट मानव बस्तीले चेपिँदैछ । *तस्बिर : शंकर श्रेष्ठ/रासस*

# ‘पेट्रोलियम पदार्थको ढुवानी तथा बिक्री वितरण सहज बनाइनेछ’

■ प्रभाव संवाददाता

**वीरगञ्ज–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले पेट्रोलियम पदार्थको ढुवानी तथा बिक्री वितरण व्यवस्थित र सहज बनाउने गरी काम अघि बढाइएको बताएका छन् ।

नेपाल आयल निगम वीरगञ्ज शाखाले शनिबारदेखि पुनः सञ्चालन गरेको पेट्रोलियम पदार्थ बिक्री वितरण बिलिङ कार्यको उद्घाटन गर्दै मन्त्री रिजालले पेट्रोलियम पदार्थको चुहावट नियन्त्रण गरिने उल्लेख गर्दै बिक्री वितरणलाई पनि सहज बनाइने बताए ।

मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको काम अन्तिम चरणमा पुगेकाले अब पेट्रोलियम पदार्थको आपूर्ति सहज र व्यवस्थित हुने उल्लेख गर्दै उनले पेट्रोलियम पदार्थमा हुने चुहावट नियन्त्रणका लागि ट्यांकरमा ‘टैंकट्रक लकिङ’ लगाउने कार्यसमेत सुरु भइसकेको जानकारी दिए । पेट्रोलियम पदार्थको ढुवानी सहज भएसँगै बिक्री वितरणको बिलिङलाई सहज बनाउनका लागि आयल निगमको शाखाबाटै बिलिङ दिने कामको सुरुआत भइसकेकाले अब बिलिङका लागि अमलेखगञ्ज धाउनुपर्ने अवस्थाको अन्त्य हुने मन्त्री रिजालले दाबी गरे ।

वीरगञ्जबाट पेट्रोलियम पदार्थको बिलिङ सुरु भएसँगै पर्सा, बारा, रौतहट लगायतका जिल्लाका ढुवानी व्यवसायीलाई सहज हुने



उल्लेख गर्दै उनले यसबाट चुहावट नियन्त्रणमा समेत मद्दत पुग्ने बताए । उक्त अवसरमा मन्त्री रिजालले बिलिङ काउन्टरबाट काटिएको पहिलो बिलिङ ढुवानीकर्तालाई प्रदान गरी उक्त कार्यको उद्घाटन गरे ।

निगमको वीरगञ्ज शाखाबाट पेट्रोलियम पदार्थको बिलिङ हुँदै आएकामा २०७७ माघदेखि बन्द भएको थियो । अहिले तत्कालका लागि वीरगञ्ज शाखाबाट डिजेलको बिलिङ गरिने र पेट्रोल तथा मट्टीतेलको प्रादेशिक कार्यालय अमलेखगञ्जबाटै हुने व्यवस्था मिलाइएको निगमको वीरगञ्ज शाखाका प्रमुख मनोज कुमारले जानकारी दिए ।

वीरगञ्जबाट बिलिङ सुरु गर्दा ढुवानी व्यवसायीलाई सहज हुने र ढुवानी खर्चसमेत कम लाग्दा केही मूल्य पनि घट्ने भएकाले यहाँबाट पनि पुनः बिलिङ सुरु गरिएको नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्ज, बाराका प्रमुख विनितमणि उपाध्यायले बताए । यसअघि शुक्रबार नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालयले दोस्रो चरणको टैंकट्रक लकिङ सुरु गरेको थियो ।

# कोल्टीमा दुई सातादेखि अवरुद्ध हवाई उडान सञ्चालन

■ प्रभाव संवाददाता

**बाजुरा–** कोल्टी विमानस्थलमा शुक्रबारदेखि नियमित हवाई उडान हुन थालेका छन् । नेपाल नागरिक उड्यन प्राधिकरणले दिउँसो १२ बजेपछि उडान नगर्न हिमाली तथा पहाडी जिल्लामा निर्देशनपछि बन्द भएको उडान सेवा फेरि सञ्चालन भएको नागरिक उड्डयन कोल्टी शाखाका प्रमुख वीरबहादुर बुढाले राससलाई जानकारी दिएका छन् ।

सुदूरपश्चिम र कर्णालीका पहाडी र हिमाली जिल्लामा वर्षायामको समयमा जोखिम उडान हुने भएको भन्दै नेपाल नागरिक उड्डयन प्राधिकरणले गत साउन १४ गतेदेखि सुदूर र कर्णलीका पहाडी र हिमाली जिल्लामा हवाई उडानमा रोक लगाएको थियो ।

चौतर्फी आलोचना तथा जनगुनासोपछि प्राधिकरणले बिहीबारबाट मौसम अनुकूल भए सुदूर र कर्णलीका विमानस्थलमा १२:३० बजेपछि पनि उडान भर्न पाइने निर्णय गरेको नेपाल नागरिक उड्डयन प्राधिकरण कोल्टीका प्रमुख वीरबहादुर बुढाले जानकारी दिए ।

‘विमानस्थलको ‘अब्जेक्सन आवर’ बिहान ६ बजेदेखि दिउँसो साढे १२ बजेसम्म हो, सुदूर र कर्णलीका सबै विमानस्थलमध्ये जुम्लाको ‘जुम्ला’ विमानस्थल बाहेक सबैको ‘अब्जेक्सन आवर’ ६ बजेदेखि दिउँसो साढे १२ बजेसम्म हो’, उनले भने । त्यसैले ‘जुम्ला’ विमानस्थलबाहेक सुदूर र कर्णालीमा सञ्चालनमा रहेका सबै विमानस्थलमा प्राधिकरणले यो अवधिमा मात्रै उडान जोखिममुक्त हुने भएकाले वर्षायाममा विमानस्थलले आफ्नो ‘अब्जेक्सन आवर’ भित्र मात्रै उडान भर्न पाउने निर्णय गरेको थियो ।

जनगुनासो तथा पहाडी र हिमाली जिल्लाका नागरिकको अवस्थालाई मध्यनजर गर्दै प्राधिकरणले फेरि मौसम अनुकूल भए बिहाज ६ बजेदेखि साँझ ६ बजेसम्म उडान भर्न पाउने निर्णय गरेको हो । प्राधिकरण कोल्टीका अनुसार बाजुराको विकट क्षेत्रमा रहेको ‘कोल्टी’ विमानस्थलबाट दैनिक दुईदेखि बढी नियमित हवाई उडान हुन्छन् । कोल्टी-नेपालगञ्ज,नेपालगञ्ज-कोल्टी,कोल्टी-धनगढी र धनगढी-कोल्टीका लागि नेपाल एयरलाइन्स, सीता एयर, तारा एयर र समिट एयरले कोल्टीबाट उडान भर्दै आएका छन् ।

# नेपाल एयरलाइन्सले दमाममा उडान गर्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले साउदी अरेबियाको दमाममा सिधा उडान गर्ने भएको छ ।

निगमका प्रवक्ता रमेश पौडेलका अनुसार आगामी भदौ २० गतेदेखि काठमाडौंबाट दमाममा नियमित सिधा उडान गर्ने गरी शनिबारदेखि टिकट बुकिङ खुला गरिएको हो । नेपाल एयरलाइन्सको यो ११औं अन्तर्राष्ट्रिय उडान गन्तव्य हो । यसअघि निगमले साउदी अरेबियाको रियादमा पनि उडान गरिरहेको थियो ।

उडान तालिकाअनुसार काठमाडौं-दमाम-काठमाडौं सेक्टरमा निगमले साताको दुई दिन बुधबार र शनिबार उडान गर्ने र बजारको माग तथा निगमको बजार व्यवस्थापनअनुसार उडानको संख्या बढाउँदै लैजाने योजना रहेको निगमका प्रवक्ता पौडेलले जानकारी दिए ।

काठमाडौं-दमामको प्रवर्द्धनात्मक भाडादर रु ३५ हजार तोकिएको छ । दमाम-काठमाडौंका लागि भने पाँच सय ९६ साउदी रियाल तोकिएको छ । निगमको उडान विस्तारबाट नेपालीहरूको बाहुल्यता रहेको साउदीबाट नेपाल आवागमन सहज र सुलभ हुने विश्वास गरिएको छ ।

निगमले अहिले दुई थान वाइडबडी र दुई थान न्यारोबडी जहाजमार्फत आठ देशका ११ गन्तव्यमा उडान भरिरहेको छ ।

# ‘सामुदायिक विद्युतीकरणलाई थप विस्तार गर्छौं’

■ प्रभाव संवाददाता

**पाटन–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले सरकार सामुदायिक ग्रामीण विद्युतीकरण अभियानलाई थप व्यवस्थित गर्न तयार रहेको बताएका छन् ।

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लिमिटेडमार्फत विद्युतीकरणको १९औं वर्ष पूरा भएको अवसरमा आयोजित कार्यक्रममा उनले जनतालाई विकास अभियानको साझेदार बनाउने पद्धतिलाई थप विस्तार गरिने विश्वास दिलाए ।

‘सरकारले सामुदायिक ग्रामीण विद्युतीकरण अभियानलाई साथ दिन्छ, संविधानले सार्वजनिक-निजी साझेदारीका साथै नागरिकको सहभागितामा गरिने विकासको अवधारणालाई प्रवर्द्धन गरेको छ । विद्युत् सहकारीले गरिरहेको कामलाई हामी राज्यकै हिस्साका रूपमा बुझ्छौं’, उनले भने, ‘विकासमा जनताको सहभागिता र अपनत्व, प्रतिफलमा साझेदारी सुनिश्चित हुनुपर्छ । हामीले यसलाई अझ बढी महत्त्व दिनुपर्छ ।’

मन्त्री बस्नेतले सामुदायिक विद्युतीकरणको महत्त्वपूर्ण भाग सहकारी भएको र यसले गरेको काम कदरयोग्य रहेको भन्दै सामुदायिक विद्युतीकरणको प्रशंसा गरे । जनताले चाहँदा व्यवस्था बदलिएको र त्यसैगरी आर्थिक, सामाजिक रूपान्तरणको अवस्था बदलिन पनि सक्छ भन्ने धारणा उनको थियो । सरकार जनतालाई खुसी बनाउने अभियानमा लागेकाहरूलाई पन्छाएर भारी बोक्न चाहँदैन भन्दै मन्त्री बस्नेतले नीतिको दास हुने होइन, जनताको जीवनमा परिवर्तन ल्याउने र खुसी बनाउनेतिर लाग्नुपर्नेतिर इङ्गित गर्दै सोहीअनुसार नीति, सिद्धान्त तय हुनुपर्नेमा जोड दिए ।



सामुदायिक अभियानमा अप्ठ्यारो पार्ने अवस्था हुँदैन भन्दै उनले सरकार सहयोग गर्न तयार रहेको र विकासमा जनताको साझेदारी, आर्थिक, सामाजिक रूपान्तरणमा हिस्सेदारी मुख्य केन्द्र रहेकामा जोड दिए ।

बागमती प्रदेशसभा सदस्य मधुसुदन पौडेलले सामुदायिक विद्युतीकरणमा मन्त्री फेरिएपछि आइरहने समस्या समाधान हुनुपर्ने बताए । उनले नियमावलीमा समावेश गरेर नीतिगतरूपमै सहकारीमार्फत सञ्चालित सामुदायिक विद्युतीकरणलाई सहज हुने व्यवस्था राखिनुपर्नेमा जोड दिए ।

जिल्ला समन्वय समितिका प्रमुख ऋषिदेव फुँयालले प्रत्येक नागरिकलाई खुसी बनाएर सेवा प्रदान गर्नेतर्फ ध्यान दिन आग्रह गरे । उनले सामुदायिक विद्युतीकरणमा जिल्ला विकासले गरेको जस्तै अहिले समन्वय समितिले पनि सहयोग, समन्वय र सहजीकरण गर्ने बताए । नेपाली कांग्रेस बागमती प्रदेशका सहमहामन्त्री ऋषिराम घिमिरेले तत्कालीन समयमा स्थानीय जनप्रतिनिधि हुँदा दक्षिण ललितपुर विद्युत् सहकारी संस्था गठनको बेला संस्थापक उपाध्यक्ष भएर काम गरेको स्मरण गरे । उनले जनतालाई सेवा दिने उद्देश्यले सहकारी अभियान सुरु भएको बताए । सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घका महासचिव गोविन्द पौडेलले सामुदायिक विद्युतीकरणको अभियानमा जनतालाई सहभागी बनाएर विद्युतीकरणका काम गर्नुपर्ने बताए ।

कोञ्ज्योसोम गाउँपालिकाका अध्यक्ष कृष्णमान लामाले ललितपुरको सातदोबाटोमा भएको विकास र सेवालाई हेरेर दक्षिण ललितपुरलाई तुलना गर्न नहुने भन्दै सुविधासम्पन्न स्थानीय तह र प्राकृतिक प्रकोपले बर्सेनि समस्या थपिरहने पालिकालाई एउटै रूपमा हेरिन नहुने बताए ।

संस्थाका पूर्वअध्यक्ष रामकृष्ण हुमागाईंले २०५७ साउन १७ गते सहकारी स्थापना हुँदा द्वन्द्वको चरम अवस्था रहेको स्मरण गर्दै सरकार र समुदायको आधा-आधा लगानीमा विद्युतीकरणको काम सञ्चालन भएको बताए । संस्थाका अध्यक्ष गोविन्दप्रसाद बजगाईंले सामुदायिक विद्युतीकरणले सुधारिएको चुलो, वायो ग्यासको प्रवर्द्धनलगायतमा प्रभावकारी काम भएको बताए ।

संस्थाका उपाध्यक्ष उद्धव पराजुलीले दक्षिण ललितपुरका सात हजार पाँच सयभन्दा बढी घरघुरीमा विद्युतीकरण हुँदा गाउँघरमा नै उद्योग सञ्चालन गर्न, टेलिफोन टावर राख्न सहज भएको बताए । ललितपुरको दक्षिणी भेगमा रहेका तत्कालीन १९ वटा गाउँ विकास समितिमा विद्युत्को सेवा पुगेको थिएन । विसं २०६१ भदौ २ गतेदेखि तत्कालीन देवीचौर गाउँ विकास समितिमा सहकारीमार्फत विद्युतीकरणको ग्राहक सेवा सुरु भएको थियो । देवीचौर अहिले गोदावरी नगरपालिकाको वडा नं ७ भएको छ भने बाँकी बागमती, महाँकाल र कोञ्ज्योसोम गाउँपालिकाको वडामा परिणत भएका छन् ।

# माथिल्लो मैलुङको आइपिओ भर्ने म्याद पुनः थप

**काठमाडौं (प्रस)–** माथिल्लो मैलुङ खोला जलविद्युतको आईपीओमा आवेदन दिने म्याद पुनः थप भएको छ । स्थानीय बासिन्दाले कम्पनीको आईपीओमा भदौ १७ गतेसम्म आवेदन दिन सक्नेछन् । यसअघि यस कम्पनीले शुक्रबार अर्थात् भदौ १ गतेसम्म आवेदन दिन सक्ने जनाएको थियो । तर, आईपीओ जारी भएको समयमा आयोजना प्रभावित क्षेत्रमा अविरल वर्षाका कारण बाढी पहिरो आएको कम्पनीले जनाएको छ ।

यसले भौगोलिक जटिलता, मौसमी प्रतिकुलता तथा प्राकृतिक प्रकोपजस्ता समस्या कारण यातायात सञ्चालन अवरुद्ध भएकाले तोकिएको संकलन केन्द्रमा दरखास्त फारम बुझाउन सहज नहुने विशेष परिस्थिति सिर्जना भएको कम्पनीले जनाएको । फलस्वरूप आईपीओमा आवेदन दिने समय थप गरेको कम्पनीको भनाई छ ।

यस कम्पनीले साउन ४ गतेदेखि आयोजना प्रभावित स्थानीयका लागि आइपीओ बिक्री खुला गरेको हो । कम्पनीले स्थानीयलाई जारी पुँजी १ अर्ब रूैप्याँको १०% अर्थात १० करोड रूैप्याँ बराबरको सेयर बिक्रीमा ल्याएको हो । यसले १ सय अंकित मूल्यमा १० लाख कित्ता सेयर स्थानीयलाई जारी गरेको हो । योमध्ये ५ लाख ७१ हजार ४३० कित्ता सेयर आयोजना अति प्रभावित क्षेत्र रसुवा जिल्लाको उत्तरगया गाउँपालिका वडा नं. १ का बासिन्दालाई छुट्याइएको छ ।

त्यस्तै, २ लाख ८५ हजार ७२० कित्ता सेयर आयोजना प्रभावित क्षेत्र रसुवा जिल्लाको उत्तरगया गाउँपालिकाकै वडा नं. २, ३, ४ र ५ तथा नुवाकोट जिल्लाको किस्पाङ गाउँपालिका अन्तर्गतका वडा नं. ५ का स्थानीयका लागि निष्कासन खुला भएको छ । यी क्षेत्र बाहेक रसुवा जिल्लाका अन्य क्षेत्रका स्थानीय बासिन्दाका लागि पनि १ लाख ४२ हजार ८५० कित्ता सेयर जारी गरिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ